# पोखरेली मिडिया व्यावसायिकताको सँघारमा

शेखर पराजुली

## १. पृष्ठभूमि

रमणीय प्राकृतिक छटाको विशिष्ट संयोजनले ख्याति पाएको पोखरा नगर पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम पनि हो। गण्डकी अञ्चलका ६ जिल्लाहरूमध्ये कास्की जिल्लामा अवस्थित पोखराले उपमहानगरपालिकाको मान्यता पाएको छ।

क्षेत्रीय सदरमुकाम भएकाले यहाँ क्षेत्रीय स्तरका सरकारी तथा गैर-सरकारी निकायहरू छन्। शिक्षा, स्वास्थ्यलगायतका सहरी सुविधा र रोजगारका अवसरहरू पनि प्रशस्तै छन्। भारतीय तथा ब्रिटिस गोरखा सैनिकको निवृत्तिभरण वितरण केन्द्रहरू यहाँ पनि छन्। यसवाहेक यस नगरको पर्यटकीय महत्त्व त छँदैछ। यी सवै कारणहरूले गर्दा कास्की जिल्लाका ग्रामीण भेग र अन्य छिमेकी जिल्लाका वासिन्दाहरू वसाइँ सरेर पोखरामा आउने क्रम वढ्दो छ। राम्रो हावापानी, सहरी सुविधा, पर्यटकीय महत्त्व जस्ता कारणले देशका अन्य सहरका मानिसहरूलाई पनि तान्न सफल छ पोखरा। त्यसैले यहाँको आवादी वढ्दो छ। सन् २००१ को जनगणना प्रारम्भिक तथ्याङ्कअनुसार पोखराको जनसङ्ख्या १,७६,९४१ छ। सन् १९९१ को जनगणनालाई आधार मान्दा यहाँको जनसङ्ख्या वृद्धिदर ७.४१% छ। उक्त जनगणनाअनुसार पोखरा नगरको जातीय संरचनामा ब्राह्मण (२१.५१%), गुरूङ (२१.४९%), क्षेत्रीठकुरी (१७.८५%), नेवार (१२.६०%), दलित जातिहरू (८.७०%), मगर (६.६७%) आदि प्रमुख छन्।

पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र भूपी शेरचन राजमार्गले पोखरालाई क्रमशः राजधानी काठमाडौं, तराईको भैरहवा र पहाडी जिल्ला वाग्लुङसित जोड्छन्। यी राजमार्गमार्फत स्याङ्जा, पर्वत, तनहुँ, गोर्खा, लमजुङ, म्याग्दी जस्ता छिमेकी जिल्लाहरू पनि पोखरासँग नजिकिएका छन्। यसवाहेक राजधानी लगायत भैरहवा, जोमसोम र मनाङका लागि नियमित हवाइसेवा पनि उपलब्ध छ पोखरामा।

पत्रकारिताको सन्दर्भमा पोखरा सक्रिय नै देखिन्छ। वि.सं. २०१७ मा *हिमदूत* साप्ताहिकको प्रकाशन सुरु भए यता प्रशस्तै अखवारहरू पोखरेली वजारमा उदाउँदै र विलाउँदै गइसकेका छन्। हालसम्म कास्की जिल्लामा दर्ता भएका समाचारमूलक पत्रिकाहरूमा १५ दैनिक, ३२ साप्ताहिक र ७ पाक्षिक छन् (वराल २०५८)। २०५८ सालको पुस महिनामा पोखराको वजारमा नियमित देखिएका समाचारमूलक अखवारमध्ये ६ दैनिक, १ साप्ताहिक तथा म्यागजिनका रूपमा १ पाक्षिक र १ मासिक छन्। यी अखवारवाहेक पोखरामा चारओटा एफएम स्टेसनले आफ्नो प्रसारण

सञ्चालन गरिरहेका छन्। कास्की जिल्लाको अर्को नगरपालिका लेखनाथ नगरपालिकाले पनि एफएम प्रसारणका लागि कसरत गर्दैछ।

रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र पोखरामा भएकाले यसको केन्द्रीय प्रसारण राम्ररी नै सुन्न सकिन्छ। क्षेत्रीय प्रसारण केन्द्रले दैनिक रूपमा करिव दुई घण्टा स्थानीय स्तरमा उत्पादित कार्यक्रम प्रसारण गर्छ। नेपाल टेलिभिजनको प्रसारण पनि यहाँ उपलव्ध हुनुको साथै दुईओटा केवुल अपरेटरले विदेशी टिभी च्यानलको सेवा स्थानीय ग्राहकलाई उपलव्ध गराएका छन्। हवाइसेवाका कारण काठमाडौंवाट प्रकाशित हुने दैनिक पत्र-पत्रिकाहरू विहान ९ वजेदेखि ११ वजे भित्रमा पोखरा पुगिसक्छन्। काठमाडौंवाट प्रकाशित हुने सन्ध्याकालीन दैनिक *श्री कमाण्डर* दिउँसो २ वजेतिर पोखरा पुगिसक्छ।

पोखराको पत्रकारिताका विषयमा लेखिएका केही लेखहरू फाट्टफुट्ट प्रकाशित भएका पाइन्छन्। वद्रीविनोद खनाल (२०५६)ले पोखराको पत्रकारिता व्यावसायिकता-तर्फ उन्मुख भन्ने लेखमा विगतमा यहाँवाट प्रकाशित पत्रपत्रिकाको विवरण प्रस्तुत गर्नुभएको छ। यसले पोखराको पत्रकारिताको इतिहासलाई भन्दा पत्रपत्रिकाको इतिहासलाई वढी समेटेको छ। त्यसैगरी केशवराज पराजुली (२०५६)ले *हेरालो* अवलोकन अङ्क १ मा पोखरावाट प्रकाशित हुने पत्रिकाहरूले आफ्नो वजार पोखराको सेरोफेरोसम्म पनि वढाउन नसकेको उल्लेख गर्नुभएको छ। पोखराको पत्रकारिताको अतीतका वारेमा केशवराज पराजुलीको लेख यसै पुस्तकमा पनि रहेको छ।

पोखरामा भर्खरै खुलेका एफएम रेडियो स्टेसनका कार्यक्रमका वारेमा पनि केही लेखहरू आउन थालेका छन्। नारायण कार्कीका अनुसार एफएम रेडियोहरूले अन्तरक्रिया र अन्तर्वार्ताको माध्यमवाट समसामयिक विषय र समस्या, गीत-सङ्गीत र कला क्षेत्रमा भएका गतिविधिमाथि छलफल चलाई त्यसमा स्रोता सहभागी गराएर जनताको वोलीलाई मुखरित गर्ने राम्रो काम गर्दै आएका छन् (कार्की २०५८ः २१)।

यी माथि उल्लिखित प्रसङ्गहरू अनुभव र विचारका आधारमा लेखिएका लेखका अंशहरू हुन्। सन् २००१ मा सरोज कोइरालाले यहाँको पत्रकारितासम्वन्धी दुईओटा वेग्लावेग्लै अनुसन्धान गर्नुभएको छ। तीमध्ये पहिलो पोखराको स्थानीय प्रेसको समस्या र सम्भावनामा केन्द्रित थियो भने अर्को पोखरेली प्रेसमा प्रयुक्त भाषाका विषयमा थियो। पोखराका स्थानीय प्रेसका मुख्य समस्याको वारेमा कोइरालाको निचोड छ, "पोखरामा सूचनाको स्रोतसँग पहुँचको अभाव र असन्तुलन छ। आर्थिक स्रोत र पूँजी लगानीको अभाव अर्को समस्या वनेको छ" (कोइराला २००१ए)। भाषाको सवालमा कोइरालाको अनुसन्धानले पोखरेली प्रेसको भाषालाई स्तरीय र स्तरहीन दुवै नभई औसत कोटीको भएको ठहर गरेको छ (कोइराला २००१वी)।

जे भए पनि पोखराका मिडियाका विभिन्न पक्षहरूलगायत यसको सक्षमताका वारेमा वृहद अनुसन्धान भएको भने पाइँदैन। यस परिप्रेक्ष्यमा मिडियाको भीडमा पोखराका स्थानीय मिडियाले गरेका अभ्यासको चर्चा गर्नु यो लेखको उद्देश्य हो। स्थानीय मिडियाका विविध पक्षहरू जस्तै– लगानी, व्यापार, विज्ञापन, वितरण, समाचार, लेख/कार्यक्रम, जनशक्ति इत्यादिमा केन्द्रित रही यिनको स्थिति र

सक्षमताको विश्लेषण यस लेखमा गर्न खोजिएको छ। प्रकाशक, सम्पादक, रिपोर्टर, लगानीकर्ता, कार्यक्रम प्रस्तोता, प्राविधिक कर्मचारी, पाठक, स्रोता, विज्ञापनदाता लगायत समाजका अन्य विभिन्न तहका व्यक्तिहरूसँगको प्रत्यक्ष वार्ता र प्रकाशित तथा प्रसारित सामग्रीको अध्ययन, श्रवण एवं अवलोकनका आधारमा यो लेख तयार गरिएको हो।

## २. मिडियाको पूर्वाधार

यस उपशीर्षकअन्तर्गत मिडियाका लगानी, लगानीकर्ता, संस्थागत स्वरूप जस्ता विषयमा छापा र रेडियोको सन्दर्भमा वेग्लावेग्लै चर्चा गरिन्छ।

### २.१ छापा

**संस्थागत स्वरूपः** पोखराको पत्रकारिताको विगतलाई नियाल्दा पत्रिकाको सञ्चालनको जिम्मेवारी लिने र सम्पादनको जिम्मेवारी लिने व्यक्ति एउटै रहेको पाइन्छ। २०५४ सालपछिका दिनहरूमा भने यस्तो स्थितिमा विस्तारै सुधार भएको छ। धेरैजसो अखवारमा सम्पादक र व्यवस्थापक छुट्टाछुट्टै व्यक्ति हुने गरेका छन्। प्रकाशनगृहका कार्यालयहरू विगतको तुलनामा केही हदसम्म व्यवस्थित छन्। दैनिक अखवारमा संस्थागत रूपमा कार्य सञ्चालन गर्ने प्रयासको थालनी भइसकेको छ। यहाँका सवै अखवारहरू अफसेट प्रेसमा मुद्रित हुने गर्छन्। यद्यपि *राष्ट्र आवाज* साप्ताहिकको वाहेक अन्य अखवारको आफ्नै प्रेस छैन। प्रकाशकका रूपमा पत्रकारकै अग्रसरता देखिन्छ र प्रेसका सञ्चालकलाई पत्रिकामा हिस्सेदारको रूपमा समावेश गरेको देखिन्छ। उदाहरणका लागि *आदर्श समाज* दैनिकमा मुनाल अफसेट प्रेसको सञ्चालक कल्याण पालिखेलाई सहभागी गराइएको; *जनमत* दैनिकमा सुदीप अफसेटका सञ्चालक शङ्कर श्रेष्ठलाई सहभागी गराइएको; *चेतनापत्र* दैनिकमा क्वालिटी अफसेट प्रेसका सञ्चालक निरञ्जन कार्कीलाई सहभागी गराइएको छ। तर *चेतनापत्र*का निरञ्जन कार्की २०५८ पुसदेखि उक्त प्रकाशनवाट अलग्गिनु भएको छ। प्रकाशनगृहमा प्रेसवाहेकका अन्य उपकरणहरू जस्तै– कम्प्युटर, स्क्यानर, फ्याक्स, फोन भने सवैसँग छ। *पोखरा एक्सप्रेस* पाक्षिक, *राष्ट्र आवाज* साप्ताहिक र *चेतनापत्र* दैनिक वित्तीय हिसावले एकल प्रयासमा सञ्चालित छन्। यिनमा काम गर्नेहरू पनि सम्पादकका आफन्तहरू नै छन्। *पोखरा हटलाइन* दैनिक सहकारी संस्थाले चलाएको भए तापनि संस्था निष्क्रिय रहेको र केही व्यक्तिहरू मात्रै यसको सञ्चालनमा लागेको वताइन्छ।

**लगानीकर्ता/लगानीः** पोखराको पत्रकारितामा लगानीकर्ताहरू उत्साही भएर लागेका छैनन्। पत्रकारका लागि रुचिको पेसा र प्रेस मालिकलाई प्रेस चलाउने माध्यमका रूपमा यहाँको पत्रकारिता देखा परेको छ। यसवाहेक योजनागत हिसावले पत्रकारितालाई व्यवसायको रूपमा स्वीकारेर लगानी गर्ने हिम्मत कसैले निकालेका छैनन्। अहिले लगानी गरिरहेकामध्ये आधाजसो पत्रकार नै छन्। गैरपत्रकारहरूलाई नाम कमाउने लोभ लागेकाले यसमा लगानी गरेको देखिन्छ। केहीले यसमार्फत आफ्नो

नाम प्रचारप्रसार भई जनसम्पर्क वढ्ने र आफ्नो अन्य व्यापार व्यवसायमा त्यसले सकारात्मक प्रतिफल दिने धारणाले यस क्षेत्रमा लगानी गरेका हुन्।[1] *राष्ट्र आवाज*को प्रकाशक/सम्पादक रहनुभएका केशव भण्डारीको प्रमुख व्यवसाय प्रेसको सञ्चालन हो। त्यस सँगसँगै सहकार्य गर्दै उक्त अखवार पनि सञ्चालन भइरहेको छ। तालिका १ मा अन्य दैनिक अखवारको भन्दा यस साप्ताहिकको लगानी रकम धेरै छ। प्रेस स्थापनाको लगानी पनि यसैमा जोडिएकाले यस्तो भएको हो। त्यस्तै, *पोखरा एक्सप्रेस*का प्रकाशक/सम्पादक रहनुभएका वालकृष्ण उग्रताराको सञ्चारसम्वन्धी सेवा (टेलिफोन, इमेल, इन्टरनेट, फ्याक्स) को व्यवसाय छ। पत्रिकाको लागि भनेर छुट्टै केही किन्नु नपरेकाले उक्त अखवारको सुरुको लगानी थोरै देखिएको छ।

**तालिका १ः पत्रपत्रिकासम्बन्धी एक झलक***

| क्र. सं. | प्रकाशनको नाम | प्रकाशक | सम्पादक | जम्मा लगानी (रूपैयाँमा) | जम्मा कर्मचारी |
|---|---|---|---|---|---|
| १. | जनमत दैनिक | फेवा प्रकाशन प्रा.लि. | नारायण कार्की | १०,००,०००।- | २२ जना |
| २. | आदर्श समाज दैनिक | कृष्णप्रसाद वाँस्तोला | कृष्णप्रसाद वाँस्तोला | ६,००,०००।- | २६ जना |
| ३. | पोखरा हटलाइन दैनिक | सन्देश प्रकाशन सहकारी संस्था लि. | वद्रीविनोद प्रतीक | २,५०,०००।- | ३० जना |
| ४. | गगन दैनिक | कृष्णप्रसाद सापकोटा | हरिहर क्षेत्री | ४,५०,०००।- | ११ जना |
| ५. | स्वदेशीआवाज दैनिक सन्ध्याकालीन | स्वेदशी सञ्चार प्रा.लि. | लक्ष्मीराज पौडेल | ४,००,०००।- | २७ जना |
| ६. | चेतनापत्र दैनिक | माधव वियोगी | माधव वियोगी | २,००,०००।- | १६ जना |
| ७. | राष्ट्र आवाज साप्ताहिक | केशव भण्डारी | केशव भण्डारी | १३,००,०००।- | ५ जना |
| ८. | पोखरा एक्सप्रेस पाक्षिक | वालकृष्ण उग्रतारा | वालकृष्ण उग्रतारा | १०,०००।- | ५ जना |
| ९. | नव पोखरा टाइम्स मासिक म्यागजिन | राजेशकुमार घिमिरे, इविन्द्र तिवारी | राजेशकुमार घिमिरे | १,००,०००।- | ८ जना |
| | | | जम्मा | ४३,१०,०००।- | १५० जना |

*स्रोतः प्रकाशनगृहका सम्बन्धित व्यक्तिहरूसँगको कुराकानी।*

* पोखरामा राष्ट्रिय स्वाभिमान साप्ताहिक विगत दुईवर्षदेखि नियमित थियो। माओवादीसँग निकट मानिएको यस पत्रिकाका सम्पादक कोमलनाथ वराल सङ्कटकाल सुरु भएपछि पक्राउ पर्नु भयो र यसको प्रकाशन पनि बन्द भयो। त्यसैले यो अध्ययनमा उक्त पत्रिका पर्न सकेन।

---

१ कल्याण पालिखे, थमप्रसाद शेरचन, शंकर श्रेष्ठसँगको कुराकानीमा आधारित।

यहाँका सम्पूर्ण अखवारमा भएको कूल लगानीले ५० लाख नाघ्न नसकेको स्थिति तालिका १ ले देखाएको छ। यसवाट पोखराको अखवारी पत्रकारिता स्थानीय वित्त वजारको प्राथमिक रुचिभित्र परेको छैन भन्न सकिन्छ।

**जुट र फुटको खेलः** अखवार सञ्चालन गर्नका लागि समूहगत प्रयास सुरु हुन थालेको चर्चा अगाडि गरिसकिएको छ। अखवार प्रकाशनका निम्ति गरिएको कार्यगत एकताको यस्तो सामूहिक प्रयासमा वेलावखतमा विचलन आउने गरेको पाइन्छ। यस्ता विचलनहरूले लगानीकर्ताहरूकावीच विश्वासको सङ्कट देखिनुका साथै पत्रिकाको निरन्तरता र स्थायित्वका लागि वाधा पुऱ्याइरहेको हुन्छ। पोखरामा संयुक्त लगानीमा अखवार प्रकाशन गर्ने जमर्को *आदर्श समाज* दैनिकले गऱ्यो। सुरुमा साप्ताहिकका रूपमा प्रकाशित हुने *आदर्श समाज* २०५४ माघदेखि दैनिक वन्यो। यसका सम्पादक/प्रकाशक रहनुभएका कृष्णप्रसाद वाँस्तोलासँग दुई व्यापारीहरू कल्याण पालिखे र रवीन्द्र माकाजू पनि सहभागी हुनुभयो। तर यो सहभागिताले दीर्घजीवन पाउन सकेन। पोखरा उद्योग वाणिज्य सङ्घको अधिवेशन ताका अध्यक्षका दुई प्रत्याशीको समाचारको विषयमा कल्याण पालिखे र रवीन्द्र माकाजूको वीचमा मनमुटाव भयो। आफ्नै पत्रिका भएमा वढी स्वतन्त्र हुने देखेर रवीन्द्र माकाजूले *पोखरापत्र* दैनिक चलाउन सुरु गर्नुभयो। *पोखरापत्र*मै केही समय सम्पादकको रूपमा काम गरेका माधव वियोगीलाई पनि अर्काको पत्रिकामा काम गर्नुभन्दा आफैंले पत्रिका चलाएर स्वतन्त्र पेसा गर्ने विचार आयो र आफ्नै स्वामित्त्वमा *पोखरेली* दैनिक दर्ता गर्नु भयो । विदेश वसाइमा राम्रै कमाइ गरेर स्वदेश फर्कनुभएका थमप्रसाद शेरचनलाई नामको खाँचो थियो। पत्रिकामा लगानी गरेपछि पढेलेखेका वर्गसँग नजिक भइने हुनाले थमप्रसाद शेरचनले उक्त *पोखरेली* दैनिकमा लगानी गर्नुभयो। निरन्तर तीन महिना प्रकाशित हुँदा *पोखरेली* दैनिकमा थमप्रसाद शेरचनको ६ लाख सकियो। त्यसपछि २०५७ सालदेखि *जनमत, पोखरापत्र* र *पोखरेली*को एकीकरण भई संयुक्त रूपमा *जनमत* दैनिकको प्रकाशन हुन थाल्यो।

*जनमत* दैनिकले प्रकाशकीय विचलनहरू झन् धेरै वेहोरेको छ। केशवराज पराजुलीको सम्पादन/प्रकाशन रहेको *जनमत* दैनिक २०५२ सालसम्म उहाँ एक्लैले सञ्चालन गर्नुभएको हो (थप विवरणका लागि हेर्नुहोस् केशवराज पराजुलीको यसै पुस्तकमा रहेको लेख)। २०५२ सालदेखि *जनमत* दैनिकलाई चेतना सहकारी संस्थामार्फत सञ्चालन गरियो। सहकारीअन्तर्गत रहेर पनि पत्रिकाले खासै प्रगति नगरेपछि सुदीप अफसेट प्रेसका मालिक शङ्कर श्रेष्ठले *जनमत* सञ्चालनको जिम्मा लिनुभयो। त्यसपछि २०५७ माघमा *जनमत, पोखरेली* र *पोखरापत्र*लाई सगोलमा एकीकरण गरियो। पोखरा सानो वजार भए पनि अखवार धेरै भएकाले जनशक्ति, पूँजी, विज्ञापन आदि छिरलिने भएकाले वरू एउटा अखवारलाई स्तरीय वनाउने भन्ने सोचले यो एकीकरण गरिएको वताइन्छ।[२] एकीकरणपछि फेवा प्रकाशन प्रा.लि. गठन

---

२ रवीन्द्र माकाजू, शङ्कर श्रेष्ठ, माधव वियोगीसँगको कुराकानीमा आधारित।

गठन गरी यस संस्थाअन्तर्गत *जनमत* दैनिकको प्रकाशन गरिएको हो। यसका लगानीकर्ताहरू थमप्रसाद शेरचन, रवीन्द्र माकाजू र शङ्कर श्रेष्ठ हुनुहुन्छ।

*पोखरेली*का सम्पादक रहनुभएका माधव वियोगी केही समय संयुक्त *जनमत*मा सहसम्पादकका रूपमा वस्नुभयो। तर उहाँलाई सन्तुष्टि मिल्न सकेन र फेरि *चेतनापत्र* दैनिक दर्ता गरी २०५८ कार्तिक १ गतेदेखि प्रकाशन गरिरहनुभएको छ। यसमा लगानीकर्ताका रूपमा सहभागी वनाइनुभएका निरञ्जन कार्कीले सहभागी भएको तीन महिनापछि नै हात भिकिसक्नु भएको छ।

एकीकरणपश्चात् *जनमत*को मुखपृष्ठको सिरानमा '*पोखरापत्र, जनमत* र *पोखरेली*को संयुक्त प्रकाशन *जनमत* दैनिक' लेखिने गरिएको छ। तर अहिलेको *जनमत*का सञ्चालकहरू वीच *जनमत* दैनिक वन्द गरी *पोखरापत्र* चलाउने वहस चलिरहेको छ। तत्कालीन *पोखरापत्र*का प्रकाशक/सम्पादक रवीन्द्र माकाजूको *पोखरापत्र*सँग नै मोह गाँसिएको छ। २०५८ सालको असारमा *पोखरापत्र* सन्ध्याकालीनका रूपमा फेवा प्रकाशन प्रा.लि. अन्तर्गत नै निकालिएको थियो। तर त्यसले वजारमा स्थान वनाउन सकेन र केही अङ्कपछि वन्द भयो। *जनमत* दैनिकको वजार वढाउने तर्फ सञ्चालकहरूको खासै रुचि छैन। पोखराकै वजारमा पनि हकरले मागेजति दिन नसकिएको शङ्कर श्रेष्ठ वताउनुहुन्छ। रवीन्द्र माकाजूका अनुसार जति धेरै छाप्यो उति धेरै घाटा हुने भएकोले धेरै छाप्न नखोजिएको हो। तर *पोखरापत्र* नै किन निकाल्नुपर्‍यो भन्ने जिज्ञासामा *पोखरापत्र* भन्ने नामले नै यसको विक्री वितरण वढाउने तर्क दिनुहुन्छ माकाजू। नाम *पोखरापत्र* भएपछि पोखरा वाहिरका पोखरेलीहरूको सहानुभूति प्राप्त गर्न सक्ने विचार छ उहाँको। अहिले *जनमत*मा भैं वजार विस्तार गर्नेतिर नलागी *पोखरापत्र* छापेर नामले नै वितरणमा सहयोग पुग्ने कुरा तर्कसङ्गत लाग्दैन। फेवा प्रकाशन प्रा.लि.का अध्यक्ष रहनुभएका थमप्रसाद शेरचन आफूलाई अखवार प्रकाशनसम्वन्धी ज्ञान नभएकाले दुई साथीको कुरा मान्य हुने वताउनुहुन्छ। शङ्कर श्रेष्ठलाई भने *जनमत* नै प्रकाशन गर्ने रुचि छ। उहाँका अनुसार एक त *जनमत* पोखरामा हाल प्रकाशित अखवारहरूमध्ये सवैभन्दा पुरानो भएकाले यसले पोखरेली जनमानसमा अलग्गै पहिचान वनाइसकेको छ। अर्को कुरा उहाँले तत्कालीन *जनमत*का सम्पादक/प्रकाशक रहनुभएका केशवराज पराजुलीसँग *जनमत* नै नाम राखिने भनी फेवा प्रकाशनमा *जनमत*लाई एकीकरण गर्न राजी गराउनु भएको हो। अव शङ्कर श्रेष्ठले स्वीकारेमा *पोखरापत्र* निस्कने निश्चित छ। उहाँले नमानेको खण्डमा के हुन्छ भन्न सकिने स्थिति छैन। तत्कालीन *जनमत*का प्रकाशक/सम्पादक केशवराज पराजुली *जनमत* नै नाम रहने सर्तमा *जनमत* फेवा प्रकाशनमा समाहित गरेको र यसलाई उनीहरूको हातवाट मर्न नदिने विचार व्यक्त गर्नुहुन्छ।

उता *आदर्श समाज* दैनिकमा रवीन्द्र माकाजू निस्केपछि वाँकी रहेका दुई हिस्सेदारका वीचमा पनि अव फुट आउने देखिन्छ। *आदर्श समाज*का सम्पादक/प्रकाशक रहनु भएका कृष्णप्रसाद वाँस्तोलाले नवलपरासीको गैडाकोटमा *आदर्श समाज* दैनिकको प्रकाशनका लागि भवन र छापाखाना तयार गरिसक्नु भएको

छ। करिव रू. १ करोडको उक्त योजनामा रू. ५० लाख खर्च भैसकेको छ। कानुनी हिसावले कृष्णप्रसाद वाँस्तोलाको स्वामित्वमा रहेको *आदर्श समाज* दैनिकको सञ्चालनमा हिस्सेदारका रूपमा कल्याण पालिखेको सहभागिता रहेको हो। गैडाकोटवाट *आदर्श समाज*को प्रकाशन गरी पोखरा लगायत वुटवल, भैरहवा, हेटौंडा, वीरगञ्ज, नारायणगढ जस्ता सहरहरूमा पत्रिका पुऱ्याउने उद्देश्य लिएर वाँस्तोलाले उक्त लगानी गर्नुभएको हो। यस कुरामा कल्याण पालिखेलाई खासै रुचि जागेन र उहाँले आफूलाई गैंडाकोटको योजनामा सरिक गराउनु भएन। उहाँलाई पोखरामै *आदर्श समाज* चलाउन वेस लागेको छ। २०५८ सालको फागुनभित्रमा *आदर्श समाज* दैनिकको तराई संस्करण गैडाकोटवाट प्रकाशित गर्ने लक्ष्य वाँस्तोलाको छ। यसको परीक्षण काल ६ महिनाको रहेको छ। त्यसपछि कल्याण पालिखे गैडाकोटको योजनामा सहभागी नभएको खण्डमा *आदर्श समाज* कृष्णप्रसाद वाँस्तोलाले सञ्चालन गर्नुहुनेछ र कल्याण पालिखेले अरू कुनै पत्रिका चलाउनु हुने सम्भावना छ। यसरी *आदर्श समाज* दैनिकका सञ्चालक समूहको कार्यगत एकताको अस्तित्व विलाउने देखिन्छ।

त्यसैगरी *गगन* दैनिकमा कार्यकारी सम्पादकका रूपमा कार्यरत राजेशकुमार घिमिरेले पनि २०५८को मङ्सिरदेखि उक्त अखवार छोडिदिनुभयो। यसका सञ्चालकसँग कुरा नमिलेकाले आफूले सो अखवार छाडेको उहाँ वताउनुहुन्छ। २०५८ को पुसदेखि नै उहाँले पनि *नव पोखरा टाइम्स* नामको मासिक म्यागजिन दर्ता गरी आफ्नै सम्पादनमा प्रकाशन समेत सुरु गरिसक्नुभएको छ। *पोखरा हटलाइन*को प्रकाशक रहेको सन्देश प्रकाशन सहकारी संस्था लिमिटेड संस्थागत रूपमा निष्क्रिय छ। एक दुई जना व्यक्तिको प्रयासवाट नै यो पत्रिका सञ्चालन भइरहेको वताइन्छ। यस सहकारी संस्थाका अध्यक्ष माधव शर्माको सक्रियतामा *स्वदेशी आवाज दैनिक सन्ध्याकालीन*को प्रकाशन सुरु गरिएको छ।

यी सवै परिदृश्यले पोखराको पत्रकारितामा प्रकाशक र सम्पादकको वीचमा भएका असमभ्रुदारी, विश्वासको सङ्कट र चञ्चल स्वभावलाई उजागर गर्नुका साथै त्यसले समूहगत प्रयासमा ल्याएको विचलनलाई स्पष्ट पारेको छ। पत्रिका दर्ता गर्न र प्रकाशन आरम्भ गर्न जति सजिलो छ, त्यति सजिलो यसलाई निरन्तरता दिन पक्कै छैन। यसका लागि सामूहिक रूपमा वित्तीय र कार्यगत एकता आवश्यक हुने कुरा यहाँका सम्पदक/प्रकाशकले नवुभ्रेको नै भन्न त मिल्दैन। तर उनीहरूमा धैर्यता, संयम र आपसी विश्वसनीयताको खाँचो भने पक्कै छ।

## २.२ रेडियो

**लगानीकर्ता/लगानीः** पोखरामा सञ्चालित चारैओटा एफएमका सञ्चालकहरू पोखरा क्षेत्रका लागि नयाँ अनुहार होइनन्। यी लगानीकर्ताहरूका आ–आफ्नै व्यापार र व्यवसाय रहेका छन्। *हिमचुली एफएम* सहकारी संस्थाअन्तर्गत सञ्चालित छ। उक्त सहकारी संस्थामा गुरूङहरूको वर्चस्व रहेको छ। व्यापार व्यवसायको खासै पृष्ठभूमि नभएका यसका सञ्चालकहरू आफूहरूले प्राज्ञिक क्षेत्रको प्रतिनिधित्व गरेको वताउँछन्। यस सहकारी संस्थाका सदस्यमध्येका एक सदस्य लेखवहादुर गुरूङले

पोखरा इन्जिनियरिङ्ग कलेज पनि सञ्चालन गर्नुभएको छ। अर्का सदस्य कुसुमकेशव पराजुली पोखराका स्थापित पत्रकारमध्येका एक मानिनुहुन्छ। बाँकी तीन एफएममा स्थानीय व्यापारीहरूको वर्चस्व छ र तीमध्ये अधिकांश नेवार जातिका छन्। *रेडियो अन्नपूर्ण*का सञ्चालकहरूमध्ये शिव मल्ल र अर्जुन श्रेष्ठले पोखरा केवुल टिभी नेटवर्क पनि सञ्चालन गर्नुभएको छ। अर्का सञ्चालक सुशील लामा इलेक्ट्रोनिक इन्जिनियर हुनुहुन्छ। *माछापुच्छ्रे एफएम*का सञ्चालक सरोज गोपालसँग रेडियो प्रसारणका वारेमा रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रमा काम गर्दाको लामो अनुभव छ। उहाँ गायकका रूपमा पनि चिनिनुहुन्छ। यसै एफएमका अर्का सञ्चालक देव क्षेत्रीले वीसी केवुल टिभी नेटवर्क पनि सञ्चालन गर्नुभएको छ। *पोखरा एफएम*का सञ्चालकहरू सुनचाँदीसम्वन्धी व्यवसाय पनि सञ्चालन गरिरहेका छन्। *पोखरा एफएम*कै सञ्चालकमध्येका सुवर्ण वज्राचार्यको सङ्गीत क्षेत्रमा दखल रहेको छ।

मिडियाको क्षेत्रमा एफएम रेडियो नयाँ प्रविधि भएकाले यसतर्फ व्यापारीहरूको ध्यान तानिएको हो। काठमाडौंका एफएमले देखाएको चुरीफुरीले पनि पोखराका लगानीकर्तालाई उत्साही वनाएको हुनसक्छ। मुख्य कुरा त यसमा नाम, दाम र काम – तीनै कुराको सम्भावना भएकाले लगानीकर्ताको झुकाव यता हुन पुग्यो।

चारओटा एफएमको सुरुको लगानीको एकमुष्ट हिसाव गर्दा जम्मा ३ करोड २५ लाख रूपैयाँ खर्च भैसकेको छ। पोखरेली पूँजीवजारले एफएमको लागि गरेको यो लगानीलाई सानो मान्न सकिँदैन। यो सुरुको लगानीको हिसाव हो। प्रसारण क्षमताको स्तर उकास्दै जाँदा लगानी पनि वढ्दै जाने हुन्छ।

### तालिका २: एफएम स्टेसनबारे केही विवरण

| क्र. सं. | स्टेसनको नाम | प्रसारण सुरु गरेको मिति | सुरुको लगानी | जम्मा कर्मचारी |
|---|---|---|---|---|
| १ | माछापुच्छ्रे एफएम (९१ मेगाहर्ज) | २०५७/१२/५ | ९०,००,०००/- | ३० जना |
| २ | हिमचुली एफएम (९२.२ मेगाहर्ज) | २०५७/१२/३१ | ४५,००,०००/- | २४ जना |
| ३ | रेडियो अन्नपूर्ण (९३.४ मेगाहर्ज) | २०५८/१/१३ | ९०,००,०००/- | ३५ जना |
| ४. | पोखरा एफएम (९५.८ मेगाहर्ज) | २०५८/१/२४ | १,००,००,०००/- | २२ जना |
| | | जम्मा | ३,२५,००,०००/- | १११ जना |

*स्रोत: रेडियो स्टेसनसँग सम्वद्ध कर्मचारीसँगको कुराकानी।*

**चारओटा एकैचोटि:** पोखरामा चारओटा एफएम रेडियोले लगभग एकैसाथ प्रसारण आरम्भ गरेका हुन्। पोखरा र सेरोफेरोका वासिन्दाहरूको जनघनत्व, पोखरेली अर्थतन्त्र, उद्योग, व्यापार, व्यवसाय इत्यादिलाई दृष्टिगत गर्दा हाल सञ्चालित चारओटा एफएम

आवश्यकताभन्दा वढी भएको अनुभव सर्वत्र गरिएको छ। यस कुरालाई स्वयं सञ्चालकहरू पनि स्वीकार्छन्। यस्तो स्थितिमा पनि चारैओटा एफएम रेडियोले एकै चोटि प्रसारण आरम्भ गरेको विषय रोचक नै छ। प्रसारणका लागि आवेदन दिएका सबै संस्थाहरूलाई सूचना तथा सञ्चार मन्त्रालयले विभिन्न वहानामा लामो समयसम्म झुलाइरह्यो। सूचना तथा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्ताको पालामा पाँचओटालाई लगभग एकैसाथ अनुमतिपत्र प्रदान गरियो। त्यसवखतसम्म सबै संस्थाले आफूले मात्रै अनुमतिपत्र पाएको भ्रम पालेका थिए। आफूवाहेक अरूले पनि त्यस किसिमको अनुमतिपत्र पाएको उनीहरूले पछि मात्र थाहा पाए र अचम्भित भए। लेखनाथ नगरपालिकाले भने २०५६ सालमा निवेदन दिए तापनि हालसम्म अनुमति पत्र प्राप्त गर्न सकेको छैन। जवकि यसको कार्यक्रमको प्रकृति र लक्षित समूह अरू एफएमको भन्दा पृथक हुने निश्चित छ भने युनेस्कोले आवश्यक उपकरण प्रदान गर्ने आश्वासन पनि दिएको नगर प्रमुख शालिग्राम पौडेल वताउनु हुन्छ।

पहिलेदेखि नै हामीले एफएम स्टेसन सञ्चालन गर्दैछौं भनेर झ्याली पिटाएकाहरूलाई अनुमतिपत्र इज्जतको सवाल वन्न पुग्यो। अनुमतिपत्र दराजमा थन्क्याएर खुम्चिई वस्नुभन्दा वरू प्रतिस्पर्धामा जाने विचारले पाँचमध्ये चारओटा एफएमले एकैचोटि प्रसारणका लागि हामफाले। अर्को कुरा, अनुमतिपत्र हात पार्ने वेलासम्ममा पनि उनीहरूको लगानी फँसिसकेको थियो।[३]

"यदि समयान्तर गरेर पारदर्शी हिसावले अनुमति प्रदान गरेको भए एफएम रेडियोहरू चारओटाभन्दा कम नै सञ्चालन हुने थिए। त्यसो भएको खण्डमा हामी नै पछि हट्न सक्थ्यौं अथवा अर्को कुनै पक्ष हट्थ्यो होला," *-माछापुच्छ्रे एफएमका* सञ्चालक मध्येका सरोजगोपालको भनाइ थियो। यस विषयमा पोखराका अन्य एफएमका सञ्चालकको पनि धारणा योभन्दा फरक छैन। यसरी पोखरामा चारैवटा एफएम स्टेसनहरू प्रसारणमा जानुको श्रेय तत्कालीन सूचना तथा सञ्चारमन्त्री जयप्रकाश प्रसाद गुप्तालाई नै दिन्छन् पोखरेलीहरू।

## ३. मिडियाका विषयवस्तु

### ३.१ छापा

पोखराका अखवारहरूका समाचारहरूमा स्थानीयपन पाइन्छ तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारलाई पनि अखवारले प्राथमिकता वाहिर राखेका छैनन्। यिनमा व्यानर न्युजका रूपमा स्थानीय खवर विरलै भेटिन्छ। औपचारिक कार्यक्रम, दुर्घटना र आपराधिक गतिविधिलाई टुक्रे समाचारका रूपमा प्रस्तुत गरिएको अत्यधिक पाइन्छ। कुनै विषय वा घटनालाई विश्लेषणसमेत गरी प्रस्तुत गरिएका लामो प्रकृतिका समाचार कम छन्। राष्ट्रिय समाचार समिति (रासस)को नेटवर्किङ्ग सवैजसो अखवारले प्रयोग गर्ने हुनाले देश र विदेशका पनि अनौठा खवर, दुर्घटना अथवा हत्या, हिंसा, वलात्कार, चोरी, डकैतिले यी अखवारमा अत्यधिक स्थान पाएका

---

३ रेडियो सञ्चालनका लागि अनुमति लिंदा गैरकानुनी रूपमा ठूलो रकम लेनदेन गरिएको नाम उल्लेख नगर्ने शर्तमा सञ्चालकमध्येका केहीले वताएका छन्।

छन्। औपचारिक कार्यक्रमका समाचार भने पोखरा र सेरोफेरोका क्षेत्रकै वढी आउने गरेका छन्। पोखराका दैनिक अखवारहरूमध्ये *जनमत* ६ पृष्ठ र वाँकी सवै ४ पृष्ठमा ट्यावलाइड आकारमा निस्कन्छन्। यी अखवारका सवै विषयवस्तु नै पढ्ने हो भने पनि १५ देखि ३० मिनेटको समय लाग्छ। तर सवै विषयवस्तु सवै पाठकले पढ्दैनन्। अखवारका सामग्री स्तरीय हुन नसकेको आरोप छ धेरैको।

अखवारका सञ्चालकहरू पाठकको रुचितर्फ नभई विज्ञापनपट्टि फर्केका छन्। लेखकलाई पारिश्रमिक दिने चलन छैन। त्यसैले स्तरीय लेखरचना प्रकाशनार्थ आउँदैनन्। मिहिनेत गरेर समाचार तयार पार्ने गरिंदैन। त्यसैले औपचारिक कार्यक्रम, दुर्घटना र आपराधिक क्रियाकलापका समाचार नै प्रकाशित हुन्छन्। राससले तयार गरेका समाचारको प्रयोग अधिक हुने गरेको छ। कम पढे लेखेका मानिस धेरै हुने र उनीहरूले अपराध र दुर्घटनाका समाचार रूचाउँछन् भन्ने मान्यता प्रकाशनगृहले राखेको जस्तो देखिन्छ। त्यसैले समाचारका शीर्षकहरू पनि हकरलाई कराउँदै वेच्न सजिलो हुने किसिमले राखिन्छ। पृष्ठभूमिमा आउनु पर्ने कुरालाई महत्त्व दिइन्छ तर महत्त्वपूर्ण कुरा छुटाइन्छ। कसैले पुरस्कार पाएको समाचार प्रकाशन गरिंदा पुरस्कार दिने व्यक्ति शीर्षकमा पर्छ तर पाउने व्यक्तिको नाम नियालेर खोज्नुपर्ने हुन्छ।[४]

पोखराका यी अखवारहरूमा राजनीतिक पूर्वाग्रह पनि छ र फलानो अखवार फलानो पार्टीको भन्ने छाप परेको छ पाठकहरूमा। यद्यपि हालका वर्षमा भने सवै अखवारहरूले आफूलाई तटस्थ वनाउने प्रयास गर्दैछन्। तर त्यो तटस्थता वेला वखतमा भङ्ग हुने गरेको पनि छ। सम्वाददाताको अग्रसरतामा विविध पक्षको खोजी गरी तयार पारिएका समाचार निकै कम छन्। कुनै स्पष्ट घटनाको सतह मात्रै समाचार वनेका छन्। घटनाको प्रवृत्तिको विश्लेषण र अनुगमन भएको पाइँदैन। विज्ञापन गरिनुपर्ने विषयलाई समाचारको रूपमा प्रस्तुत गरिएको पाइन्छ। अखवारको सम्पादकीयमा समाचार र विचारको संयोजन गरिएको हुनुपर्छ। विचारले सन्देश वाकेको हुनुपर्छ। तर त्यस्तो सन्देश यहाँका अखवारका सम्पादकीयमा कमै पाइन्छ। सम्पादकीयमा पनि समाचारमा जस्तै गरेर विवरण नै प्रस्तुत गरिएको हुन्छ। *आदर्श समाज* दैनिकका सम्पादकीय लामा, अस्पष्ट र अङ्ग्रेजी शव्दले भरिएका हुन्छन्। अझ कुनै सम्पादकीय त हास्यव्यङ्ग्य जस्ता देखिन्छन्। *(हेर्नुहोस्, आदर्श समाज* २०५८ वैशाख १४, वैशाख२६, जेठ २५)

पोखरेली अखवारमा फोटोको प्रयोग वढ्दैछ। *आदर्श समाज*ले फोटोको प्रयोग धेरै गरेको पाइन्छ। यी अखवारहरूमा स्थानीय फोटोहरूले नैं महत्त्व पाएका छन्। इन्टरनेट र राससको नेटवर्किङ्गको माध्यमले विदेशी महिला मोडलको फोटो पनि कहिलेकाहीं छापिएको पाइन्छ। फोटो छाप्दा स्रोत उल्लेख नगरिने, स्थानीय फोटो पत्रकारवाट फोटो लिएर उसको नाम भने नछाप्ने वा आफ्नो नाममा छापिदिने जस्ता क्रियाकलापहरू पनि हुने गरेका छन्। फोटो वापत पारिश्रमिक दिने चलन छैन।[५]

---

४ तेजनाथ घिमिरेसँगको कुराकानीबाट।

५ विश्व शाक्यसँगको कुराकानीबाट।

कार्टुनको प्रयोग ज्यादै कम हुन्छ पोखराका अखवारहरूमा। कहिलेकाहीँ मात्र देखा पर्छन् कार्टुनहरू। *पोखरा हटलाइन*मा भने कार्टुनहरू अलि धेरै नै छापिन्छन्। स्तरीय कार्टुन वनाउन सिपालु कार्टुनिस्ट नभएकाले नै कार्टुनको प्रयोग कम हुने गरेको वताइन्छ। यद्यपि वात्स्यायन (दुर्गा वराल) जस्ता राष्ट्रिय ख्याति कमाएका कार्टुनिस्ट पोखरामा नभएका होइनन्। स्थानीय पत्रिकामा कार्टुनवापत पारिश्रमिक दिने चलन थिएन र छैन पनि। स्थानीय पत्रिकाको वितरण क्षेत्र सानो हुनुकासाथै अन्य सीमितताले गर्दा काठमाडौंका पत्रिकाहरूमा नै उहाँको संलग्नता वढ्यो। त्यसैले पोखरेली पत्रिकाहरूमा उहाँको कार्टुनहरू खासै छापिएनन्।

राशिफल र चुट्किला सवैजसो अखवारमा भेट्न सकिन्छ। केही दैनिकमा नियमित व्यङ्ग्यको छोटो स्तम्भ पनि राखिएको छ। *पोखरा हटलाइन*मा 'रमितेका कलमवाट', *जनमत*मा 'सराङ्कोटका टावरवाट' र *गगन*मा 'गगनवाट नियाल्दा' यस्ता स्तम्भहरू हुन्। विचार लेखले विविधता समेटेकै छ तर स्थानीय सवालमा कम लेख प्रकाशित भएका छन्। जनजातिका भाषा, संस्कृति, धर्म, पेसा इत्यादि विषयमा, दलित उत्पीडन र समाधानका उपायका विषयमा, लैङ्गिक विभेद, घरेलु हिंसा, दाइजो, छोरीलाई अंश जस्ता महिला सरोकारका विषयमा लेखहरू निकै कम छन्। तर दलित, जनजाति, महिला, अपाङ्ग जस्ता पिछडिएका वर्गका सङ्घसंस्थाले औपचारिक कार्यक्रम गरेमा त्यस्ता समाचारको सम्प्रेषण स्थानीय अखवारले गरेकै छन्। तुलनात्मक रूपमा वातावरण र सुकुम्वासी समस्याप्रति यी अखवारहरू वढी सम्वेदनशील देखिन्छन्।

*स्वदेशी आवाज दैनिक सन्ध्याकालिन* दिउँसो २ वजे वजारमा आइपुग्छ। यसमा आपराधिक क्रियाकलाप र दुर्घटनाका समाचारलाई अझ वढी महत्त्व दिएको देखिन्छ। यो अखवारले प्रायजसो समाचारको स्रोत पनि खुलाएको भेटिँदैन। *राष्ट्र आवाज* साप्ताहिक हिन्दूराष्ट्र, राजसंस्था र राष्ट्रियताको पक्षमा आवाज उठाउने उद्देश्य लिएको अखवार हो। तसर्थ त्यस किसिमका विषयवस्तुको प्रचुरता छ *राष्ट्र आवाज*मा। कविता, मुक्तक गजल, लघुकथा जस्ता साहित्यिक विषयले पनि पोखराका सवैजसो अखवारमा राम्रै स्थान पाएको देखिन्छ।

### ३.२ रेडियो

पोखरामा सवै एफएमले मनोरञ्जनलाई प्राथमिकतामा राखेका छन् र अधिकाश समय गीतहरू प्रसारण गरिरहेका हुन्छन्। यी एफएम रेडियोहरूमा नेपाली, अङ्ग्रेजी र हिन्दी गीतहरू धेरै वजिरहेका हुन्छन्। अन्य राष्ट्रिय भाषाका गीतहरू कमै मात्रामा वजेका पाइन्छन्। यी गीत प्रस्तुत गर्ने प्रस्तोतामध्ये अङ्ग्रेजी गीतको कार्यक्रममा अङ्ग्रेजी वोल्ने र अन्य गीतमा नेपाली वोल्ने गरेको पाइन्छ। मनोरञ्जनवाहेक अन्य कार्यक्रममा समाचारमूलक कार्यक्रम प्रमुख छन्। यस्ता कार्यक्रमका स्रोताहरू पनि धेरै भएको वताइन्छ। रेडियो नेपालवाट विहान ७ वजे प्रसारण हुने समाचारलाई यहाँका एफएमहरूले रिले गर्छन्। हरेक एफएम स्टेसनका समाचारमूलक आ-आफ्नै कार्यक्रम पनि छन्। काठमाडौंवाट प्रकाशित दैनिक अखवारका प्रमुख समाचारको

कार्यक्रम पनि यी एफएमले प्रसारण गर्दछन्। यसका लागि *माछापुच्छ्रे एफएमले* काठमाडौंको कम्युनिकेसन कर्नरले तयार पारेको 'कायाकैरन'को प्रसारण गर्छ। *हिमचुली एफएमले* काठमाडौंको *रेडियो सगरमाथाको* 'पत्रपत्रिकाको सँगालो' भन्ने कार्यक्रम रिले गर्छ। *रेडियो अन्नपूर्णले* काठमाडौंका अखवारहरूको प्रमुख समाचारहरूको कटिङ्ग फ्याक्समार्फत सवेरै प्राप्त गरी प्रसारण गर्छ। *पोखरा एफएमले* काठमाडौंको *कान्तिपुर एफएमको* 'कान्तिपुर डायरी'लाई नै रिले गर्ने चाँजोपाँजो मिलाउँदै छ। यी एफएमहरूमा स्थानीय अखबारका समाचार पनि प्रसारण हुने गर्दछन्। यस विषयमा 'छापामा रेडियोको प्रभाव' खण्डमा अरू चर्चा गरिएको छ।

समाचारवाहेक छलफल र वहसमूलक कार्यक्रम र अन्तर्वार्ताका कार्यक्रमहरू पनि सवै एफएममा रहेका छन्। समसामयिक घटना र राजनीतिक, सामाजिक, धार्मिक, आर्थिक परिवेशका यी अन्तर्क्रियात्मक कार्यक्रमले स्रोतालाई प्रशस्तै जानकारी दिन सकेका छन्। केही यस्ता कार्यक्रमहरूमा स्रोताहरूले सम्वन्धित विज्ञलाई टेलिफोनवाट प्रत्यक्ष प्रश्न गर्ने व्यवस्था समेत मिलाइएको हुन्छ। रेडियोका यस्ता वहस, छलफल र अन्तर्क्रियात्मक कार्यक्रममा स्थानीय विषयले नै बढी महत्त्व पाएको देखिन्छ। तर राष्ट्रिय सरोकार र महत्त्वका विषयमा पनि वहस र अन्तर्क्रिया हुने गरेको छ। अन्तर्राष्ट्रिय विषयमा कमै मात्रामा यस्ता कार्यक्रम प्रसारण भएका छन्। यी रेडियोले उठाउने वहसका विषयमा विविधता आउन सकेको भने छैन। झन् सवै एफएमले छलफलमा बोलाउने व्यक्तिहरू दोहोरिरहन्छन्। सजिलै उपलव्ध हुने र स्थानीय स्तरमा चल्तापूर्जा व्यक्तिलाई नै हरेक एफएमले वारम्वार आमन्त्रण गर्ने हुनाले सहभागीहरू पटकपटक दोहोरिन्छन्। छलफलका लागि विषयगत विविधता नहुने र सहभागी वक्ता पनि दोहरिँदा कार्यक्रम खल्लो हुन जान्छ। कहिलेकाहीँ त कार्यक्रम हुने भनिएको दिनको अघिल्लो दिन फोन गरेर सहभागीलाई बोलाइन्छ। यसले गर्दा सहभागीलाई तयारी गर्न समय नपुग्ने हुन्छ।[६]

गीत सङ्गीतका कार्यक्रममा गीत अनुरोध, आफन्तलाई गीत समर्पण र शुभेच्छा प्रकट गरेका सन्देशहरू यी एफएम रेडियोमा प्रशस्तै सुन्न पाइन्छ। यस किसिमको सहभागिता फोन र पत्र दुवै मार्फत हुने गरेको छ। स्रोता सहभागिता वढाउन कार्यक्रममा क्विज लगायत अन्य मनोरञ्जनात्मक खेलहरू पनि समावेश गरिएका छन्।

यहाँका एफएम रेडियोका धेरै कार्यक्रमहरू काठमाडौंका कार्यक्रमवाट नक्कल गरिएका छन् र काठमाडौंका एफएम सुनेकालाई पोखराका एफएमका कार्यक्रम फिका लाग्छन्। पोखराका एफएममा साँझपख प्रसारण हुने फोन-इनका केही कार्यक्रमहरू उच्छृङ्खल भएको आरोप लाग्न थालेको छ। रेडियोका त्यस्ता केही कार्यक्रमहरू परिवारमासँगै वसेर सुन्न नसकिने भएको पत्रकार तिलकमान गुभाजू वताउनुहुन्छ।

---

६ वसन्त उदास र तीर्थ श्रेष्ठसँगको कुराकानीमा आधारित।

## ४. प्रभावक्षेत्र

जहाँसम्म अखवारहरू नियमित पुग्छन् र ग्राहक वा पाठकले नियमित रूपमा अखवार किनेर पढ्ने गर्छन् त्यस क्षेत्रलाई नै यहाँ प्रभावक्षेत्र भनिएको हो। रेडियोको सन्दर्भमा रेडियो सुन्न सकिने क्षेत्रलाई यसको प्रभावक्षेत्र मानिएको छ।

पोखरामा प्रकाशित अखवारहरूको प्रमुख वजार पोखरा नै हो। लेखनाथ नगरपालिका, वाग्लुङ, कुस्मा, स्याङ्जा, वालिङ, दमौली लगायतका पोखराका निकटवर्ती सहरहरूमा पनि पोखराका अखवारहरूले राम्रो वजार लिन सक्नु पर्ने हो। अझ क्षेत्रीय अवधारणा लिएर त्यसैअनुरूपको स्थानीय विषयवस्तुलाई प्राथमिकता दिन सकेको खण्डमा पश्चिमाञ्चलकै वजार हाँक्ने सम्भावना पनि नभएको होइन। तर पोखरेली अखवारहरूले पोखराको वजार क्षेत्र काटेर नजिकका गाउँसम्म पनि छिर्ने गरेको विरलै भेटिन्छ। हेम्जा, नौडाँडा, लामाचौर जस्ता पोखरा वजार नजिकका अर्धसहरी इलाकामा समेत यी अखवारको प्रभाव नगण्य नै छ। अखवारको स्तरीयता र व्यवस्थापन कौशलको अभावका कारण राजधानीको वजारमा पनि पोखरेली अखवारको अस्तित्त्व भेटिँदैन। यद्यपि *जनमत* वाहेक पोखराका हरेक दैनिक अखवारले मुखपृष्ठको सिरानमा 'राष्ट्रिय दैनिक' भन्ने विशेषण छुटाउँदैनन्।

वजार विस्तार गरी पोखरा वाहिरका स्थानसम्म आफ्नो अखवारको प्रभाव फैलाउन व्यवस्थापन पक्षवाट खासै पहल भएको देखिँदैन। धेरै अखवार छाप्दा लागत मात्र वढ्ने सोचाइ सञ्चालकहरूले। लिएको पाइन्छ। अखवारहरू लागतभन्दा कम मूल्यमा नै वेचिन्छ। त्यसमाथि हकर या विक्रेताको कमिसन ५०% कटाउँदा सञ्चालकका हातमा अझ थोरै रकम पर्छ। सवै अखवार विकेमा पनि जति धेरै छाप्यो उति धेरै घाटा पर्ने भएकाले उनीहरू वितरण वढाउनपट्टि लागेका छैनन्। यस वारेमा 'विज्ञापनको वजार' उपशीर्षकअन्तर्गत अरू चर्चा गरिनेछ।

सहरी इलाकावाहिर अखवार पुऱ्याउन सजिलो नै भने छैन। वसमार्फत पत्रिका पुऱ्याउँदा वसले लापर्वाही गरिदिने हुन्छ भने हुलाक सेवा चुस्त र छरितो वन्न सकेको छैन। त्यसैले पोखराका अखवारको वजार पोखरामै सीमित हुन पुगेको छ। यद्यपि *पोखरा एक्सप्रेस* पाक्षिकका ग्राहकहरू हङ्कङ्ग, भारत, जापान जस्ता देशमा भएका नेपालीहरू पनि भएको वताइन्छ।[७] तर तिनको सङ्ख्या ज्यादै थोरै छ। *नव पोखरा टाइम्स* मासिकलाई पनि यसका सञ्चालकहरूले अधिराज्यका सवै प्रमुख शहरमा पुऱ्याउने लक्ष्य राखेका छन्। २०५८ को पुसमा पहिलो अङ्क प्रकाशित यस म्यागजिनलाई केही शहरमा पुऱ्याइएको पनि छ तर ग्राहक तथा पाठकको समर्थन के कति पाउँछ त्यो भने हेर्न वाँकी नै छ।

यहाँका रेडियोहरूको प्रभावक्षेत्र अखवारको तुलनामा निकै फराकिलो छ। यी एफएम रेडियोहरूको पहुँच विशेषतः पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका र निकटवर्ती ग्रामीण वस्तीमा छ। छिमेकी जिल्लाहरू स्याङ्जा, तनहुं, पर्वत, वाग्लुङमा पनि यी एफएमका स्रोताहरू मनग्गे छन्। त्यसो त नवलपरासी, पाल्पा,

---

[७] वालकृष्ण उग्रतारासितको कुराकानीका आधारमा।

म्याग्दी, लमजुङ, गोर्खा, चितवन केही भागमा समेत पोखराका एफएम सुन्न सकिन्छ। एफएम रेडियोको प्रकृतिअनुसार यसका तरङ्गहरू खोच परेका र डाँडाले छेकेका भूभागमा पुग्न सक्दैनन्। समथर र अग्ला स्थानहरूमा नै यी तरङ्गहरू पुग्ने गर्छन्।

*रेडियो अन्नपूर्ण*को ट्रान्समिटर १००० वाटको भएकोले अरू एफएमको तुलनामा यो अलि धेरै ठाउँमा सुनिन्छ। त्यसपछि *माछापुच्छ्रे एफएम* (५०० वाट) को प्रभावक्षेत्र फराकिलो छ। *हिमचुली एफएम* (५०० वाट) र *पोखरा एफएम* (२५० वाट) को प्रभावक्षेत्र अलि कम छ। तर कुनै कुनै स्थानमा वढी क्षमताको एफएम नसुनिने र कम क्षमताको एफएम सुनिने गरेको पनि पाइएको छ।[८]

## ५. जनशक्ति

पोखरामा धेरै मिडियासाधन भएकाले यसमा संलग्न हुनेको जमात पनि ठूलै वनिसकेको छ। नेपाल पत्रकार महासङ्घ कास्की शाखामा आवद्ध हुने पत्रकारको सङ्ख्याले १०० नाघ्दैछ। महासङ्घको सदस्यता नलिएका तर पत्रकारिता गरिरहेका व्यक्तिहरू पनि निकै छन्। यो पत्रकारितामा प्रत्यक्ष रूपमा संलग्न भएका व्यक्तिहरूको सङ्ख्या मात्र हो। मिडियाको क्षेत्रले व्यवस्थापन, वितरण, मुद्रण, जस्ता क्षेत्रमा पनि रोजगारीका अवसरको सिर्जना गरेको छ। रेडियोकर्मीका रूपमा कार्यरत व्यक्तिहरूको सङ्ख्या पनि उल्लेख्य नै छ। तालिका १ र २ अनुसार पनि जम्मा २६१ जनाले यहाँको मिडिया क्षेत्रवाट प्रत्यक्ष रोजगारी पाएको देखिन्छ।

छापामा अन्य जिल्लावाट समाचार सम्प्रेषण गर्ने स्ट्रिन्जर्स, पत्रिका विक्री र वितरण गर्ने हकर, वितरक र विक्रेताको सङ्ख्या यसमा समावेश छैन। विज्ञापन एजेन्सीमा कार्यरत कर्मचारी पनि अप्रत्यक्ष रूपमा मिडियामा नै निर्भर गर्छन्। त्यो सङ्ख्या पनि यहाँ समावेश भएको छैन। रेडियोमा समय किनेर कार्यक्रम उत्पादन गर्नेहरू, हप्तामा एउटा मात्र कार्यक्रम चलाउनेहरू पनि माथिको हिसावमा परेका छैनन्। यी सवै तथ्यलाई मनन गर्दा यहाँको मिडियामा करिव ४०० जना व्यक्तिको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहेको अनुमान गर्न सकिन्छ।

उमेरका हिसावले मिडियामा लागेका अधिकांश व्यक्तिहरू युवावस्थाका छन् भने लिङ्गका हिसावले पुरुष। छापा पत्रकारितामा महिलाको उपस्थिति नगण्य नै छ। नेपाल पत्रकार महासङ्घ कास्की शाखाका सदस्यहरूमध्ये जम्मा ३ जना महिला छन् भने पछिल्लो कार्यसमिति (२०५६-२०५८) मा महिलाको प्रतिनिधित्व भएको छैन। रेडियोकर्मीका रूपमा भने महिलाको उपस्थिति राम्रै छ। कार्यक्रम प्रस्तोताको मात्र हिसाव गर्दा महिला र पुरुषको सङ्ख्या वरावर जस्तै छ। तर रेडियोका अन्य फाँटमा पुरुषकै वाहुल्यता छ। जातीय संरचनामा वाहुन, क्षेत्री र नेवारको नै वर्चस्व देखिन्छ यहाँको मिडियामा। यस भेगका गुरूङ्ग, मगर र अन्य जनजातिहरू तथा दमाइ, कामी, सार्की, गाइने जस्ता पहाडी दलितहरूको प्रतिनिधित्व स्थानीय मिडियामा उल्लेख्य

---

८ विनोद त्रिपाठीसँगको कुराकानीबाट।

छैन। छापाको तुलनामा रेडियोतर्फ जनजातिको सहभागिता धेरै छ तर दलितहरू भने रेडियोमा पनि छैनन्।

मिडियामा लागेकाहरू अधिकांश युवा छन् भनेर अगाडि नै उल्लेख गरिसकिएको छ। तिनीहरूमध्ये धेरैजसो अध्ययनरत नै छन्। पत्रकारका रूपमा कार्यरत व्यक्तिहरूमा स्नातक वनिसकेकाहरूको सङ्ख्या थोरै नै छ। पोखरामा पत्रकारिता विषयमा क्याम्पस स्तरको पढाइ उपलब्ध छैन। यद्यपि मानविकी सङ्कायतर्फ स्नातक तहअन्तर्गत तेस्रो वर्षमा कार्यमूलक पत्रका रूपमा १०० पूर्णाङ्क 'नेपाली पत्रकारिता' विषयको पढाइ भने स्थानीय पृथ्वीनारायण क्याम्पसमा हुन्छ। मिडियासम्वन्धी तालिम दिने प्रशिक्षण केन्द्रहरू भने पोखरामा छैनन्। त्यसैले पत्रकारितामा नै स्नातक गरेका र पत्रकारितासम्वन्धी लामो तालिम हासिल गरेका जनशक्ति यहाँको मिडियाले पाउन सकेको छैन। छोटो अवधिका तालिम लिएकाहरू भने निकै छन्। पोखराका केही युवाहरू काठमाडौंमा वसेर पत्रकारिता गर्दैछन् र काठमाडौंमै स्थापित वन्ने क्रममा छन्। विजय घिमिरे, सञ्जय घिमिरे, रमा पराजुली, श्रीराम सुवेदी, राजेन्द्रराज तिमिल्सिना आदि यस्ता केही नामहरू हुन्। तर पोखराको पत्रकारिताको विगतमा उनीहरूको संलग्नता खासै भएको थिएन र भविष्यमा पनि पोखरेली पत्रकारितामा उनीहरूको संलग्नता हुने गुञ्जायस देखिँदैन। पोखरा निवासी कार्टुनिस्ट वात्सायन पनि २०५७ साल माघदेखि काठमाडौंस्थित कान्तिपुर पब्लिकेसनमा कार्यरत हुनुहुन्छ।

एफएम रेडियोमा स्थानीय व्यक्तिहरू नै कार्यक्रम प्रस्तोताको रूपमा कार्यरत छन्। उनीहरूमध्ये सवैजसो नयाँ नै भएकाले रेडियो प्रसारणसम्वन्धी प्रारम्भिक आधारभूत तालिम प्रदान गरी उनीहरूलाई कार्यक्रम प्रसारणमा संलग्न गराइएको हो। *रेडियो अन्नपूर्ण*मा भने काठमाडौंवाट प्रकाश सायमीलाई ल्याएर स्टेसन म्यानेजर वनाइएको छ। उहाँसँग काठमाडौंवाट अरू केही व्यक्तिहरू पनि *रेडियो अन्नपूर्ण*मा भित्रिएका छन्। पोखराका एफएमहरूमा हङ्कङ्मा छँदा रेडियो प्रसारणको अनुभव वटुलेका केही व्यक्तिहरू पनि छन् भने केहीले रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रवाट अनुभव वटुलेका छन्। खासगरी रेडियो प्राविधिकका रूपमा क्षेत्रीय प्रसारण केन्द्रका प्राविधिकहरूले नै आंशिक रूपमा एफएम स्टेसनमा समय दिने गरेका छन्।

पोखराका यी मिडियाहरूमा युवाहरूको आकर्षण वढ्दो छ। रेडियोको क्षेत्रमा यसको मात्रा अझ वढी छ। तर काम गरेवापत यी सञ्चारकर्मीले पाउने पारिश्रमिक एकदमै न्यून छ। अझ कतिले पारिश्रमिक नै पाउँदैनन्। रेडियोमा वोल्न रहर भएकाहरूले आफैंले रेडियोमा समय किनेर कार्यक्रम चलाउने र गोजीको पैसा सिध्याउने गरेको पनि पाइन्छ। रेडियोमा सोखले लागेकाहरूमध्ये केहीले पकेट खर्च जुटाएका छन् तर यसवाटै जीविका चलाउन भने गाह्रो नै छ। तर पूर्ण रूपले रेडियोमा लागेका र दैनिक ३/४ ओटा कार्यक्रम चलाउनेहरूले भने यसवाटै जीविकोपार्जन गर्न सक्ने वताइन्छ।

पोखराका छापामा काम गर्नेहरूले राजधानीको अखवारमा पनि स्ट्रिन्जर्सको रूपमा काम गरेका छन्। केहीले शिक्षण वा अन्य कुनै पेसा पनि गरेर पत्रकारितालाई

सहायक पेसाका रूपमा लिएका छन्। पत्रकारहरूलाई प्रोत्साहन र सम्मान गर्ने हेतूले नेपाल पत्रकार महासङ्घ कास्कीले तीनओटा पुरस्कारहरू सञ्चालन गरेको छ। प्रत्येक वर्ष प्रदान गरिने यी पुरस्कारहरू– पोखरा पत्रकारिता पुरस्कार, दयाशङ्कर स्मृति पत्रकारिता पुरस्कार र गजेन्द्र स्मृति सृजनशील पत्रकारिता पुरस्कार हुन्। यस वाहेक नौ विभिन्न विधाका पोखराका उत्कृष्ट प्रतिभालाई पोखरा उपमहानगरपालिकाले हरेक वर्ष 'पोखरेली नवरत्न सम्मान' प्रदान गर्छ। ती नौ विधामध्ये पत्रकारिता पनि एक हो।

## ६. छापामा रेडियोको प्रभाव

छापा 'र रेडियो सञ्चारका दुई फरक माध्यम भए पनि यिनीहरूका वीचमा सम्वन्ध गाँसिएको हुन्छ। एकैचोटि चारओटा एफएमको आगमनले यहाँको छापा पत्रकारितामा केही प्रभाव अवश्य नै पारेको छ। छापा माध्यमले उपयोग गरिरहेको विज्ञापन वजारमा एक्कासी एफएम पनि प्रतिस्पर्धा गर्न आइपुगेकाले छापातर्फ वलियो धक्का लागेको महसुस गरिँदैछ। छापाहरूवीचमा अस्वस्थ प्रतिस्पर्धा त थियो नै, एफएमले यस्तो अस्वस्थ प्रतिस्पर्धा झन् वढाइदिएको छ। छापाको भन्दा सस्तो दरमा रेडियोवाट विज्ञापन प्रसारण हुने भएकाले छापालाई अप्ठ्यारो परेको छ।[९]

एफएम रेडियोले छापाको विक्री घटाएको पनि अनुभव गरिँदैछ पोखरामा। रेडियोसँग समाचारमूलक कार्यक्रमहरू छन्। राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाका प्रमुख समाचार प्रसारण गरिने कार्यक्रमहरू पनि छन् यी रेडियोहरूसँग। यी कार्यक्रममा स्थानीय छापामा आएका सवैजसो समाचारहरू पढिदिने हुनाले समाचारका लागि अखवार किन्नैपर्ने वाध्यता छैन। लेख र सम्पादकीय खासै स्तरीय नभएकाले यिनको विक्री घटेको हो। त्यसो त यहाँका अखवारहरूले मुखपृष्ठमा समाचारभन्दा विज्ञापन धेरै छाप्छन् र समाचार भित्री पेजमा राख्छन्। मुखपृष्ठका समाचारहरू रेडियोले छोटो समयमा नै पढ्न भ्याउने भएकाले यस्तो हुन पुगेको हो।

एफएम रेडियोको आगमनले छापामा पारेको अर्को असर हो जनशक्तिको पलायन। छापामा लामो समयदेखि काम गरिरहेका अनुभवी पत्रकारहरू रेडियोतर्फ आकर्षित भएका छन्। उनीहरूमध्ये केही आंशिक रूपमा रेडियोमा लागेका छन् भने केही पूर्णकालीन रूपमा। यी एफएमहरूले छापाको मात्र नभई रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रका पनि स्रोता र विज्ञापन दुवैमा कटौती गरिदिएका छन्।

एफएम रेडियो र छापा वीचमा सम्वन्ध भने यिनीहरूको आपसका विज्ञापनले गाँसेको छ। रेडियोका निश्चित कार्यक्रम र दिनभरिकै कार्यक्रमको सूची र समय-तालिका स्थानीय अखवारमा छाप्ने र वदलामा ती अखवारको विज्ञापन रेडियोवाट प्रसारण गर्ने गरेको पाइन्छ। यसवाहेक रेडियोले अखवारका विषयवस्तुलाई व्यापक वनाउनुका साथै अखवारको समेत प्रचारप्रसार गरिदिएको सकारात्मक पक्षलाई विर्सन मिल्दैन।

---

९ बद्रीविनोद प्रतीकसँगको कुराकानीवाट।

### ७. विज्ञापनको बजार

मिडियाका विषयवस्तु सँगसँगै विज्ञापनहरू पनि उपभोक्तासामु पुग्दछन्। यसवापत विज्ञापनदाताले मिडियालाई निश्चित रकम वुझाउने गर्छन्। यसले गर्दा अखवारहरू लागत मूल्यभन्दा कम दाममा पाठकले पढ्न पाउँछन्। एफएम रेडियो, *रेडियो नेपाल* र *नेपाल टेलिभिजन*का कार्यक्रमहरू त झन् निःशुल्क नै स्रोता र दर्शकसामु आइपुग्छन्। पोखरामा मिडियाका साधनको सङ्ख्यात्मक उपस्थिति धेरै छ। यी सवै मिडियाहरू व्यावसायिक प्रकृतिका हुन् र विज्ञापन नै यिनीहरूको मुख्य आयस्रोत हो।

पोखराका मिडियाको वीचमा विज्ञापनका लागि अस्वस्थ प्रतिस्पर्धा रहेको कुरा अगाडि नै उल्लेख गरिसकिएको छ। यहाँका हरेक अखवारले अरू अखवारलाई र हरेक रेडियोले वाँकी अरू रेडियोलाई विज्ञापनको दर घटाई अस्वस्थ वातावरण वनाएको आरोप लगाउँछन्। अखवारकाले रेडियोलाई अझ वढी दोषी मान्छन् यस्ता अस्वस्थ प्रतिस्पर्धाको वातावरण वनाएकोमा। विज्ञापनको दर घटाउने यो घटाघटको स्पर्धामा सवै मिडियाहरू नै दोषी वनेका छन्। तर यसले विज्ञापनदातालाई भने फाइदा नै भएको छ। सस्तो दर भएकाले विज्ञापनदाताहरू मुखपृष्ठमा नै विज्ञापन छाप्न खोज्छन्। त्यसैले मुखपृष्ठ विज्ञापनले नै भरिन्छ र समाचारहरू भित्रीपृष्ठमा छापिन्छन्। रेडियोतर्फ विज्ञापन दर पनि लचिलो हुनाले विज्ञापनदाताहरूमा सकेसम्म घटाउने वानी वसिसकेको छ।

पोखरा उद्योगव्यवसायका दृष्टिकोणले पछाडि नै छ। यहाँ ठूला उद्योग धन्दा र कल कारखानाहरू छैनन्। घरेलु उद्योगहरू पनि थोरै छन्। पोखराको प्रमुख उद्योग मानिएको पर्यटन हो तर यसवाट स्थानीय मिडियाले खासै आड पाउन सकेको छैन। होटलहरूमा कामदारको खाँचो पर्दा 'आवश्यकता' का विज्ञापनवाट नै स्थानीय मिडियाले चित्त वुझाउनु परेको छ। स्थानीय रूपमा उद्योगधन्दा नभए पनि पोखरावाहिरका राष्ट्रिय, वहुराष्ट्रिय र अन्तर्राष्ट्रिय कम्पनीका उत्पादनका लागि भने पोखरा राम्रो वजार हो। तसर्थ वाहिरका उद्योगका उत्पादनका विज्ञापन पोखराका मिडियालाई पनि प्राप्त छ। त्यसवाहेक शिक्षा, स्वास्थ्य, ड्राइभिङ्ग इन्स्टिच्युट, ल्याङ्वेज इस्टिच्युट, कम्प्युटर इन्स्टिच्युट, चलचित्र, फांइनान्स कम्पनी, सहकारी संस्था जस्ता सेवामुखी र मनोरञ्जनका विज्ञापनहरू पनि यहाँका मिडियामार्फत प्रशस्तै आउँछन्। सरकारी निकाय र अन्य सङ्घसंस्थाले स्थानीय रूपमा सार्वजनिक गर्नुपर्ने सूचनालाई स्थानीय मिडियाका माध्यमले नै सार्वजनिक गर्ने गरिएको पाइन्छ। शुभकामना, समवेदना, वधाइजस्ता व्यक्तिगत सन्देशहरू यहाँको मिडियामा कमै छन्। रेडियोमा यस्ता व्यक्तिगत सन्देशहरू विज्ञापनको रूपमा आएका पाइँदैनन्।

पोखरामा विज्ञापन एजेन्सीहरू वीसओटा दर्ता भए पनि वजारमा प्रतिनिधिहरू पठाइ सक्रिय रूपमा लागिपरेको स्पेस एडभर्टाईजिङ्ग सर्भिस हो। तर एजेन्सीसँग भनिएको भन्दा कम दरमा एफएम स्टेसन र प्रकाशनगृहले विज्ञापन सङ्कलन गरिदिने हुनाले यस्ता एजेन्सीहरूलाई अप्ठ्यारो परेको छ। केही सरकारी कार्यालयका

कर्मचारीले कमिसन पनि माग्छन् विज्ञापन दिएवापत। तर एजेन्सीकै कमिसन थोरै भएकाले त्यसवाट फेरि अरूलाई कमिसन दिन सकिँदैन।[१०]

दरकै कुरा गर्ने हो भने त काठमाडौंका केही ब्रोडसिटसँग मिल्दोजुल्दो छ यहाँका दैनिक पत्रिकाको विज्ञापन दर। तर यी अखवारहरूले पोखरालाई नाघेर वाहिर जान सकेका छैनन्। त्यसो भएपछि विज्ञापनदाताले दर घटाउन खोज्नु पनि स्वाभाविकै हो। यहाँको मिडियामा विज्ञापनसम्बन्धी अर्को नराम्रो पक्ष पनि छ। कसैले एउटा विज्ञापन कुनै पत्रिका वा रेडियोमा दियो भने वाँकी सवै मिडिया ऊ माथि खनिन पुग्छन्– 'हामीलाई विज्ञापन किन नदिने' भनेर। सानो ठाउँमा कसैले कसैलाई चिढ्याउन चाहँदैनन्। अनि दर घटाएर वा विज्ञापनको स्थान/समय घटाएर भए पनि सवै मिडियालाई वाँडिदिन्छन्। उद्योगी व्यापारीलाई अर्को हैरानी चाडपर्वका वेलामा हुन्छ। त्यसवखतमा शुभकामना विज्ञापन माग्न आउनेको लस्कर नै हुन्छ। नियमित अखवार वाहेक वुलेटिन, स्मारिका जस्ता आकलझुकल निस्कने सामग्रीले पनि विज्ञापन माग्न उद्योगी व्यापारीकहाँ नै धाउँछन्। विज्ञापन गरेर आफ्नो व्यवसाय वा उत्पादनको प्रवर्द्धन त हुन्छ तर कतिपय अवस्थामा त्यसो नभई मात्र सहयोगस्वरूप विज्ञापन दिने गर्छन् उद्योगी र व्यापारीहरू।[११]

मिडियाका मान्छेलाई पनि कम हैरानी भने हुँदैन। विज्ञापनको दरका लागि किचकिच त छँदैछ, घटेरै छापेको वा प्रसारण गरेको विज्ञापनको रकम प्राप्त गर्न पनि कम्ती धाउनुपर्दैन। कतिले त दिँदै दिँदैनन्! *पोखरा हटलाइन* दैनिकको शुभारम्भ अङ्कमा छापिएको विज्ञापनको रकम अझै नउठेको वताउनुहुन्छ सम्पादक पुण्य पौडेल। तर *आदर्श समाज* दैनिक सुरु हुनेताका (२०५४ सालतिर) को परिस्थिति अर्कै थियो। त्यसवेला दैनिकका रूपमा *आदर्श समाज* र *जनमत* भएपनि *जनमत* लेटर प्रेसमा निस्कने हुँदा *आदर्श समाज*को एकलौटी वजार थियो। त्यसवखत विज्ञापन छाप्नलाई अग्रिम भुक्तानी समेत वुझाउनुपर्थ्यो। आजभोलिको जस्तो दर घटाउने चलन पनि थिएन। विज्ञापन खोज्ने र विज्ञापनको रकम उठाउने कर्मचारीको जरूरत थिएन। त्यसैले थोरै कर्मचारी भएपनि पुग्थ्यो।[१२]

पोखरामा रेडियोको प्रवेशले छापाको विज्ञापनमा पारेको असरका वारेमा अगाडि चर्चा भैसकेको छ। रेडियोले एक्कासी प्रवेश गरेकाले छापाको विज्ञापन घटाएको जस्तो देखिए पनि कालान्तरमा यस्तो हुँदा यी दुईको विशेषता वेग्लावेग्लै भएकाले प्रभाव पनि फरक फरक छ। सहरी इलाकामा छापाको पहुँच धेरै भएकाले सहरी इलाकामा पढेलेखेका साक्षर मानिसलाई लक्षित विज्ञापनहरू छापामा नै आउँछन्। छापाको विज्ञापन लामो समयसम्म अस्तित्वमा रहन्छ भने रेडियोको विज्ञापन जुन वेला प्रसारित हुन्छ त्यहीवेलामा मात्र क्रियाशील हुन्छ। तर रेडियोको प्रभावक्षेत्र ठूलो भएकाले सहरी र ग्रामीण दुवै भेगमा साक्षर र निरक्षर दुवैथरीलाई यसको विज्ञापनले प्रभावित गर्छ।

---

१० विनोद त्रिपाठीसँगको कुराकानीवाट।

११ वसन्त उदाससँगको कुराकानीमा आधारित।

१२ कृष्णप्रसाद वाँस्तोलासँगको कुराकानीवाट।

तालिका ३: पोखराका मिडियाको औसत आयव्यय

| क्र. सं. | मिडियाको नाम | वितरण (प्रति अङ्क) | विज्ञापनबाट मासिक आय रू. | मासिक सञ्चालन खर्च रू. |
|---|---|---|---|---|
| १. | जनमत दैनिक | ३,००० | २,१०,०००/- | ३,२५,०००/- |
| २. | आदर्श समाज दैनिक | ३,५०० | २,००,०००/- | २,४०,०००/- |
| ३. | पोखरा हटलाइन दैनिक | ३,०००-३,५०० | १,२५,०००/- | १,८०,०००/- |
| ४. | गगन दैनिक | २,५०० | १,००,०००/- | १,७०,०००/- |
| ५. | स्वदेशी आवाज दैनिक सन्ध्याकालीन | ३,५०० | ९०,०००/- | १,२०,०००/- |
| ६. | चेतनापत्र दैनिक | १,५००-२,००० | ६०,०००/- | १,५०,०००/- |
| ७. | राष्ट्र आवाज साप्ताहिक | २६०० | ८,०००/- | ८,०००/- |
| ८. | पोखरा एक्सप्रेस पाक्षिक | २००० | १,०००/- | १०,०००/- |
| ९. | नव पोखरा टाइम्स मासिक | २००० | ३५,०००/- | ३७,०००/- |
| १०. | माछापुच्छ्रे एफएम | – | १,५०,०००/- | ४,२०,०००/- |
| ११. | हिमचुली एफएम | – | १,००,०००/- | ४,००,०००/- |
| १२. | रेडियो अन्नपूर्ण | – | १,२५,०००/- | ५,००,०००/- |
| १३. | पोखरा एफएम | – | १,२०,०००/- | ५,००,०००/- |
| | | जम्मा | १३,२४,०००/- | ३०,६०,०००/- |

*स्रोत: उल्लिखित संस्थाका सम्बद्ध व्यक्तिसँगको कुराकानी।*

तालिका ३ मा अखवार र रेडियोका औसत मासिक सञ्चालन खर्च र विज्ञापनको औसत आय देखाइएको छ। अखवारको सन्दर्भमा ग्राहकले अखवार किनेर पढ्ने हुनाले विज्ञापनवाहेक पनि आम्दानी हुने देखिन्छ। तर रेडियोमा यस्तो हुँदैन। यस तालिकामा रेडियोको सञ्चालन खर्च निकै नै धेरै देखिएको छ। स्टेसन स्थापनाका लागि ठूलो रकम लगानी गरिएको र सोको व्याज पनि मासिक सञ्चालन खर्चमा समावेश गरिएको हुनाले यस्तो भएको हो। यी एफएम रेडियोहरूको मासिक सञ्चालन खर्च र विज्ञापनवाट हुने मासिक आयको तालमेल मिलेको छैन। रेडियोहरूले मासिक रूपमा निकै घाटा व्यहोरिरहेका छन्। तर सुरुका वर्षहरूमा घाटामा गए तापनि त्यसलाई सहने हिसावले नै यस्ता ठूला लगानीको योजना वनाइएको हुन्छ। यी रेडियोका सञ्चालकहरूको अन्य व्यवसाय पनि भएकाले त्यताको मुनाफाले रेडियोको घाटालाई केही हदसम्म राहत दिन सक्छ।

## ८. मिडिया र सुशासन

मिडियाको मुख्य काम जनतालाई सुसूचित गराउनु हो। मिडियावाट राम्रा र नराम्रा दुवैथरी कामका सूचना आउने गर्छन्। राज्यका तीन अङ्ग कार्यपालिका, न्यायपालिका

र व्यवस्थापिकाका काम कारवाहीका असल पक्ष र खराव पक्ष मिडियाले वाहिर ल्याउने भएकाले यसलाई चौथो अङ्ग भन्ने गरेको पनि सुन्न पाइन्छ। प्रजातन्त्रमा मिडियाले स्थायी प्रतिपक्षको भूमिका निर्वाह गर्न सक्छ।

कसैले गरेका राम्रा कामका वारेमा सूचना प्रवाह गर्न त खासै गाह्रो हुँदैन। तर खराव पक्ष जस्तै– अधिकारको दुरुपयोग, ढिलासुस्ती, भ्रष्टाचार जस्ता अनियमितताका वारेमा लेख्नु कठिन कार्य हो। सूचना लुकाउन खोजिएको हुने हुँदा गहन अध्ययन र अनुगमनको आवश्यकता पर्छ यसका लागि। यस्तो सामग्री पर्याप्त प्रमाण नपुगी प्रकाशनमा ल्याएमा आरोप फितलो हुन्छ र उक्त मिडियाका साथसाथै सम्वन्धित पत्रकार पनि हलुङ्गो वन्दछ। त्यसैले यस्ता काम चुनौतीपूर्ण र जोखिमले भरिएका हुन्छन्। तर यस्ता चुनौतीपूर्ण कार्य गर्नु नै पत्रकारको धर्म हो। अमेरिकाको वाटर गेट प्रकरण, भारतको तहल्का डटकम प्रकरण र हाम्रै देशको लाउडा विमान प्रकरण यस्ता कामका केही उदाहरणहरू हुन्।

स्थानीय तहमा पनि सरकारका विभिन्न अङ्गहरूले नियतवश वा प्रक्रियागत रूपमा गरेका अनियमितालाई खोजी गरी समाचारको रूपमा सम्प्रेषण गर्न सकिन्छ। स्थानीय सरकारका रूपमा रहेका जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समिति, वडा समिति लगायतका अन्य सरकारी निकायका कुनैकुनै कामहरू नियमसङ्गत नहुन पनि सक्छन्। सरकारी कामकाज मात्र नभई राजनीतिक दल, सङ्घ, संस्था, ठेकेदार, उद्योगी, व्यापारी इत्यादि गैरसरकारी स्थानीय निकायका गतिविधिहरू पनि नियमसङ्गत नहुन सक्छन्। स्थानीय मिडियाले यस्ता निकायका क्रियाकलापलाई निगरानी गर्न सकेमा तिनीहरू जनताप्रति वढी उत्तरदायी वन्न सक्छन्। त्यसैगरेर उनीहरूका असल कामहरूका समाचार सम्प्रेषणले जनसमर्थन र जनसहभागिता जुटाउन सक्दछ। यसरी स्थानीय मिडियाले सुशासनको स्थिति कायम राख्न मद्दत पुऱ्याउँदछ।

पोखराका मिडियाले यस किसिमका सरकारी र गैरसरकारी विभिन्न निकायहरूले गर्ने गरेका औपचारिक कार्यक्रम जस्तै अधिवेशन, सभा, गोष्ठी, प्रेस विज्ञप्ति प्रकाशन इत्यादिको समाचार प्रकाशन/प्रसारण गरिरहेका नै छन्। त्यसभन्दा वढी मिडियाकै तर्फवाट स्वस्फूर्त रुचिले यिनका राम्रा र नराम्रा पक्षहरू केलाउने प्रयास भएको कमै भेटिन्छ।

पोखराका अखवारहरूले खोज पत्रकारिताको अभ्यास गर्दै नगरेका भने होइनन्। स्थानीय विभिन्न निकायहरूमा भएका अनियमितता, विकृति र कमजोरीका स-साना घटना उपर यहाँका पत्रकारहरूले आकलझुकल कलम चलाएका छन्। तीमध्ये केही प्रसङ्गको तल चर्चा गरिएको छ–

क्षेत्रीय पशुरोग निदान प्रयोगशाला पोखराका लागि पर्दा, फित्ता, रिङ्ग र ज्यालावापतको खर्चमा वास्तविक खर्चभन्दा ५ गुणा वढीको विल वनाएर कार्यालयलाई नोक्सान पुऱ्याएको वारे *जनमत*ले आफ्नो समाचार वनाएको छ। यसलाई उक्त कार्यालयका एक कर्मचारीले वताएको जनाइएको छ। यस समाचारमा कसले कहिले त्यस्तो विल वनाएको भन्ने वारेमा केही उल्लेख भएको छैन (*जनमत* २०५८क)।

*जनमत*ले नै दूरसञ्चार संस्थानका कर्मचारीहरूसँगको मिलेमतोमा विना राजस्व टेलिफोनको ठाउँसारी गरिएको समाचार प्रकाशित गरेको छ। यस समाचारमा त्यस्ता केही टेलिफोन नम्वरहरू पनि उल्लेख गरिएको छ। तर दूरसञ्चार संस्थानको कार्यालयमा उजुरी परिसकेपछि मात्रै उक्त समाचार प्रकाशमा आएको व्यहोरा यसै समाचारवाट वुझिन्छ (*जनमत* २०५८ख)।

'पोखरामा हेपटाइटिस भ्याक्सिनको करौडौंको व्यापारः सर्वसाधारणको स्वास्थ्यमा खेलवाड' शीर्षकमा *आदर्श समाज*ले एक समाचार प्रकाशित गरेको छ। उक्त समाचारमा नेपाल परजीवी रोकथाम नियन्त्रण तथा रगत वर्गीकरण अनुसन्धान केन्द्रले स्वास्थ्य सेवा विभागको स्वीकृतिविना पोखराका विद्यालयहरूमा शिक्षक एवं विद्यार्थीहरूसँग वास्तविक मूल्यभन्दा दोव्वर असुल गरी खोप लगाउने गरिएको जनाइएको छ। तर यस सम्वन्धमा स्थानीय प्रसासन समक्ष उजुरी परिसकेपछि यो समाचार प्रकाशित भएको हो। त्यसैले यो समाचारका लागि पत्रिकालाई ठूलो मिहिनेत गर्नु नपरेको हुनुपर्छ (*आदर्श समाज* २०५८)।

*पोखरा हटलाइन*ले सार्वजनिक जग्गा दर्ता गर्न भूमाफिया सक्रिय रहेको चेतावनी दिँदै दुईओटा खोजमूलक समाचार प्रकाशित गरेको छ। लेखनाथ नगरपालिकामा सार्वजनिक जग्गा दर्ता गर्ने व्यक्ति, जग्गाको कित्ता नम्वर र संलग्न मतियारहरूको नामसमेत उक्त समाचारमा प्रकाशित छ (लामिछाने २०५८)। अर्को समाचारमा पोखरा उपमहानगरपालिकाका प्रशस्तै सार्वजनिक जग्गाहरू विगतमा दर्ता भइसकेका र तिनको दर्ता वदर गर्न सरकार उदासीन रहेको उल्लेख गरिएको छ (*पोखरा हटलाइन* २०५८)।

यी वाहेक *आदर्श समाज*को दूग्ध वितरण आयोजना घाटामा गएको विषयको समाचार, *जनमत*को फेवाताल प्लास्टिक प्रदूषणको चपेटामा परेको समाचार, *पोखरा हटलाइन*को सरकारी गाडीको दुरुपयोगसम्वन्धी समाचार, *गगन*को पृथ्वीनारायण क्याम्पस दुर्व्यसनीको अखडा वनेको समाचार इत्यादि पनि खोज पत्रकारिताका दृष्टिले सम्झनयोग्य नै छन्।

रेडियोमा यस किसिमको खोज पत्रकारिता हुनै नसक्ने भन्ने त होइन तर पोखराका एफएम रेडियोहरू त्यसरी अगाडि वढिसकेका छैनन्। तैपनि अन्तर्वाता, अन्तर्क्रिया र छलफलमार्फत यस दिशामा केही प्रयास भने यी रेडियोहरूले पनि अवश्य गरेका छन्।

स्थानीय सरकारका वारेमा पोखरा उपमहानगरपालिकाद्वारा प्रायोजित दुई कार्यक्रमहरू 'गाउँ टोलको सेरोफेरो' र 'तपाई र तपाईको नगर' क्रमशः *माछापुच्छ्रे एफएम* र *हिमचुली एफएम*वाट साप्ताहिक रूपमा प्रसारण हुन्छन्। यस्तै खालका कार्यक्रम 'जनप्रतिनिधि फोन इन' र 'गाउँ ठाउँवाट' क्रमशः *रेडियो अन्नपूर्ण* र *पोखरा एफएम*वाट साप्ताहिक रूपमा प्रसारण हुन्छन्। कास्की जिल्ला विकास समितिद्वारा आफ्ना योजना, विकास निर्माणका गतिविधि, पर्यटकीय महत्त्वका महत्त्वपूर्ण स्थल इत्यादिको जानकारी दिने उद्देश्यले तयार पारिएको कार्यक्रम रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रवाट प्रसारण हुन्छ। जिल्लाका सवै गाउँहरूमा एफएम सुन्न नसकिने हुनाले जिविसले एफएममा यस किसिमको कार्यक्रम सञ्चालन नगरेको जिविस

कास्कीका उपसभापति श्रीनाथ वराल वताउनुहुन्छ। पोखरा उपमहानगरपालिकाका मेयर कृष्ण थापाका विचारमा पोखराका मिडियाले सरकारी तथा गैरसरकारी कार्यालयहरूमा भएका कमी कमजोरीका विषयमा तथ्यगत रूपमा उजागर गर्न सकिरहेका छैनन्। समाचार लेख्दा राजनीतिक पूर्वाग्रह राखिन्छ भन्ने उहाँको अर्को गुनासो पनि छ। लेखनाथ नगरपालिकावाट नियमित पत्रिका निस्कने गरेका छैनन्। पोखराका पत्रिकाले लेखनाथ नगरपालिका क्षेत्रका समाचारलाई प्राथमिकता नदिएको नगरप्रमुख शालिग्राम पौडेल वताउनु हुन्छ।

पोखराका मिडियाले कानुनका विषयमा झन् कम मुख खोलेको देखिन्छ। अदालतले न्याय सम्पादनका क्रममा गल्ती गरेको भए त्यसको स्वस्थ आलोचना जनसमक्ष ल्याइनुपर्छ। तर पोखराका मिडियाहरूले त्यसो गर्न सकेका छैनन्।

पोखराका मिडियामा अदालतका कानुनी प्रक्रिया जानेवुझेका र अनुसन्धान गर्न सक्ने हैसियतका पत्रकार छैनन्। अदालतको विषयमा कतिसम्म लेख्न सकिन्छ भन्ने वुझेका छैनन् उनीहरूले। लेखेमा अदालतको अपहेलना गरेको आरोपमा वर्षौंसम्म मुद्दा खेप्नुपर्ने भयले पत्रकारलाई यस विषयमा लेख्नवोल्न हतोत्साही वनाएको छ। [१३]

कानुनी क्षेत्रमा प्राविधिक शव्दहरूको वढी प्रयोग हुन्छ र तिनको सही ठाउँमा सही प्रयोग हुन नसकेमा अर्थको अनर्थ हुन्छ। फैसलाको ठाउँमा आदेश र आदेशको ठाउँमा फैसला हुन पुगेमा आकाश जमीनको फरक हुन्छ। तर यहाँका मिडियाका मान्छेहरूले अदालतको समाचार दिँदा यस किसिमका लापर्वाही गरिरहन्छन्।[१४]

माथिका यी विभिन्न प्रसङ्गले पोखराको मिडियाले स्थानीय सरकार र अन्य विभिन्न निकायलाई जनताप्रति उत्तरदायी वनाउन अझ धेरै वाँकी छ भन्ने कुरा स्पष्ट गर्छन्। त्यसैले पोखराका मिडियाहरूले खोज पत्रकारितातर्फ विशेष ध्यान दिन जरूरी देखिन्छ।

## निष्कर्ष

सङ्ख्यात्मक रूपमा हेर्दा पोखरामा मिडियाको ठूलै विकास भएको छ। नेपाल अधिराज्यको संविधान २०४७ र त्यस अन्तर्गतका सञ्चारसम्वन्धी ऐनहरूले पत्रकारिताका लागि कानुनी हिसावले खुकुलो र सुरक्षित वातावरण वनाइदिएका छन्। त्यस्तै सूचना र सञ्चारको क्षेत्रमा विश्वव्यापी रूपमा आमूल क्रान्ति आएको छ। यिनै कारणहरूले गर्दा पोखरामा मिडियाको साधन सङ्ख्या वढ्न पुगेको हो। तर पोखराको मिडियाको गुणात्मक पक्षले सन्तोष गर्ने ठाउँ दिँदैन। यहाँ पत्रकारिताको संस्थागत विकास हुन सकेको छैन र पत्रकारिता व्यावसायिकताको पहिलो खुड्किलोतिरै अलमलिदैं छ।

पत्रकारिता विज्ञापन मागी खाने भाँडो मात्र होइन। यो लहडको खेती त झनै होइन। सम्पादकीय कौशल र व्यावसायिक दक्षताको समागमवाट मात्र राम्ररी अखवार

[१३] भूपनिधि पन्तसँगको कुराकानीका आधारमा।

[१४] टङ्कबहादुर मोक्तानसँगको कुराकानीका आधारमा।

सञ्चालन हुन सक्छ। यसका लागि लगानीको आवश्यकता त छँदैछ। सम्पादक बनिने र भनिने रहरले मात्र अखबार चलाएर पत्रकारिताको धर्म निर्वाह हुँदैन र यस्तो पत्रकारिता एवं पत्रिका दुवै चिरस्थायी हुँदैनन्। एफएम रेडियोतर्फ ठूला लगानीकर्ताले हात हालेका भएपनि पत्रपत्रिकातर्फ ठूलो लगानी भएको छैन। अखबारमा संयुक्त लगानीमा गरिएका साना प्रयासहरूलाई पनि बारम्बारको विचलनले निरास बनाएको छ। यसले अरू सामूहिक प्रयासलाई समेत दुरुत्साहन गरेको छ र यसका पछाडि सङ्कुचित भावना र अनुदार सोचाइ नै जिम्मेवार हुन सक्छ। आपसी विश्वसनीयताको अभावमा यस्ता एकताले दीर्घजीवन पाउँदैनन्।

पत्रपत्रिकाले सूचना प्रवाहमा निष्पक्षता देखाउन सक्नुपर्दछ। तब मात्रै आम पाठकको विश्वास जित्न सकिन्छ। तर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीति, विज्ञापनको मोह, चिनजान वा सम्पर्क जस्ता तत्त्वले पूर्वाग्रही समाचार ल्याएका छन्। दक्ष जनशक्तिको अभाव, सूचना स्रोतमा पहुँचको कमी पत्रकारमा अध्ययन नगर्ने प्रवृत्ति, पेशागत असुरक्षा, कम पारिश्रमिक जस्ता समस्याले खोज पत्रकारिताको विकास हुन सकेको छैन। यी मिडियाका साधनहरू अनियमितताका विरूद्ध रखवारी र खबरदारी गर्ने प्रभावकारी निगरानी समूह बन्न सकेका छैनन् भने जनताका आवाजलाई उचित स्थान दिने माध्यम बन्न पनि सकिरहेका छैनन्। विज्ञापनमा देखिएको अस्वस्थ प्रतिस्पर्धा मिडियाका लागि अर्को ठूलो समस्या हो। यसको निराकरण मिडिया क्षेत्रकै पहलमा मात्रै सम्भव छ।

अखबारलाई सबै वर्गका व्यक्तिले पढ्ने स्तरको बनाउन सबै क्षेत्रका लेख र समाचार समेटिनु आवश्यक हुन्छ। यहाँका अखबारले पश्चिमाञ्चल क्षेत्रमा नै पहिचान बनाउन सक्छन्। यसका लागि समाचार र लेखले पनि पश्चिमाञ्चलको प्रतिनिधित्व गर्नुपर्दछ। सबै जाति, धर्म, लिङ्ग र समुदायकालाई उचित प्रतिनिधित्व गराउने र तिनीहरूका विषयलाई अखबारमा स्थान दिन सकेमा अखबारले सबैको माया र सहानुभूति पाउँछ। एफएम रेडियोका सन्दर्भमा पनि यी कुराहरू उत्तिकै लागू हुन्छन्।

खोजमूलक समाचार, अध्ययन-अनुसन्धानमा आधारित लेखहरूको प्रकाशन गर्ने, लेखकहरूलाई पारिश्रमिक दिने गरेमा पत्रिकाको स्तर बढ्न सक्छ। स्तरले यसको व्यापार बढाउँछ र व्यापारले विज्ञापन। त्यसैले पत्रिकाको स्तर बढाउने र व्यापार विस्तार गर्नेतर्फ लागेमा यहाँका पत्रिकाको भविष्य उज्यालो नै छ।

एफएम रेडियोहरूले सञ्चालनको एक वर्ष पनि पूरा गरेका छैनन्। तर स्रोताहरूमा सुरुको उत्सुकता भने छैन। यसबाट उनीहरूले जति अपेक्षा गरेका थिए त्यति एफएमले दिन नसकेको स्पष्ट हुन्छ। समाचार, अन्तर्क्रिया र छलफलका कार्यक्रमले भने राम्रै समर्थन पाएका छन्। एफएमका मनोरञ्जनात्मक कार्यक्रमहरूमा उच्छृङ्खलता पनि बढ्दै गएको छ। त्यसैले स्वस्थ मनोरञ्जन दिने कार्यक्रम मात्र समावेश गरी समाजप्रतिको दायित्व निर्वाह गर्नु रेडियोको आवश्यकता हो।

पोखरामा पत्रकारितासम्बन्धी क्याम्पस स्तरको शिक्षा र प्रशिक्षण केन्द्रको अभाव टड्कारो देखिएको छ। सञ्चारकर्मीहरूले स्वअध्ययन गरेर पनि आफ्नो

क्षमता वढाउन नसकिने त होइन। तर त्यसो गर्ने चलनको कमी छ। यसको प्रत्यक्ष असर उनीहरूका समाचार वा कार्यक्रममा परेको हुन्छ।

पत्रकारिता सामूहिक प्रयासमा चल्ने सेवामुखी व्यवसाय हो। यसै अनुरूपको सोच भएका लगानीकर्ता पोखराले खोजेको छ। पत्रकारहरू दक्षता वढाउने तर्फ लाग्ने, व्यवस्थापकहरू वजार विस्तारमा लाग्ने र सञ्चालकहरूले भौतिक पूर्वाधार र सुविधा प्रदान गरेका खण्डमा पोखराको मिडियावाट राम्रै आशा गर्न सकिन्छ।[१५]

## सम्पर्क गरिएका व्यक्तिहरु

| | | |
|---|---|---|
| १. | अमृत भादगाउँले | सम्वाददाता, *कान्तिपुर* दैनिक |
| २. | अम्बर तुलाचन | पूर्वसचिव, थकाली सेवा समिति, कास्की |
| ३. | अर्जुन श्रेष्ठ | सञ्चालक, *रेडियो अन्नपूर्ण* |
| ४. | अशोक पालिखे | उपाध्यक्ष, नेवाः खलः कास्की |
| ५. | उपेन्द्रकुमार कार्की | सम्पादक, *गगन* |
| ६. | कर्मा गुरूङ्ग | अध्यक्ष, तमू धीं कास्की |
| ७. | कल्याण पालिखे | प्रवन्ध निर्देशक, *आदर्श समाज* |
| ८. | कृष्ण गिरी | श्रेस्तेदार, जिल्ला अदालत, कास्की |
| ९. | कृष्ण थापा | नगरप्रमुख, पोखरा उपमहानगरपालिका |
| १०. | कृष्णप्रसाद वाँस्तोला | सम्पादक, *आदर्श समाज*/सभापति नेपाल पत्रकार महासङ्घ कास्की |
| ११. | कृष्णवहादुर थापामगर | अध्यक्ष, नेपाल मगर सङ्घ, कास्की |
| १२. | कुसुमकेशव पराजुली | कार्यक्रम निर्देशक, *हिमचुली एफएम* |
| १३. | केशव भण्डारी | सम्पादक/प्रकाशक, *राष्ट्र आवाज* |
| १४. | केशवराज पराजुली | पूर्वसम्पादक, *जनमत* |
| १५. | केशवशरण लामिछाने | सम्वाददाता, *पोखरा हटलाइन, नेपाल समाचारपत्र* |
| १६. | खड्ग के.सी. | उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस |
| १७. | गङ्गाधर पराजुली | कार्यक्रम सञ्चालक, *माछापुच्छ्रे एफएम* |
| १८. | छत्रनाथ वराल | सहायक प्राध्यापक, पोखरा कलेज अफ टेक्नोलोजी |
| १९. | जीवन गुरूङ्ग | उपाध्यक्ष, *हिमचुली एफएम* |
| २०. | जी.वी. खड्का | व्यवस्थापक, *गगन* |
| २१. | ज्योति भट्टचन | उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस |
| २२. | टङ्कवहादुर मोक्तान | अतिरिक्त न्यायाधीश, जिल्ला आदालत, कास्की |
| २३. | तरूणमणि सुवेदी | क्षेत्रीय प्रमुख, *राजधानी*, पश्चिमाञ्चल क्षेत्र |
| २४. | तिलकमान गुभाजू | पूर्व सम्पादक, *पर्यवेक्षक* (हाल वन्द) |
| २५. | तीर्थ श्रेष्ठ | साहित्यकार |
| २६. | तेजनाथ घिमिरे | स्तम्भकार, *जनमत* |
| २७. | थमप्रसाद शेरचन | अध्यक्ष, फेवा प्रकाशन प्रा.लि. |
| २८ | दुर्गा वराल (वात्स्यायन) | कार्टुनिस्ट, कान्तिपुर पव्लिकेसन |
| २९. | नारायण कार्की | सम्पादक, *जनमत* |

---

[१५] यस अनुसन्धानका लागि २०५८ जेठको पहिलो सातामा पोखरामा प्रत्यूष वन्त र मैले प्रारम्भिक अध्ययन गरेका थियौं। त्यसपछि २०५८ पुस १५ गतेदेखि २०५८ माघ १० सम्म पोखरामा थप अध्ययन गरेर यो अनुसन्धान पूरा गरेको हुँ।

| | | |
|---|---|---|
| ३०. | पशुपति तिमिल्सिना | उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस |
| ३१. | पुण्य पौडेल | कार्यकारी सम्पादक, *पोखरा हटलाइन* |
| ३२. | पुरूषोत्तम न्यौपाने | कार्यक्रम प्रस्तोता, रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र, पोखरा |
| ३३. | प्रकाश सायमी | स्टेसन म्यानेजर, *रेडियो अन्नपूर्ण* |
| ३४. | प्रितममान वुद्धाचार्य | सञ्चालक, *पोखरा एफएम* |
| ३५. | वद्रीविनोद प्रतीक | सम्पादक, *पोखरा हटलाइन* |
| ३६. | बसन्त उदास | अध्यक्ष, पोखरा उद्योग वाणिज्य सङ्घ |
| ३७. | भवसागर घिमिरे | कार्यक्रम प्रस्तोता, *माछापुच्छ्रे एफएम* |
| ३८. | भूपनिधि पन्त | अधिवक्ता/स्तम्भकार |
| ३९. | माधव वियोगी | सम्पादक/प्रकाशक, *चेतनापत्र* |
| ४०. | माधव शर्मा | अध्यक्ष, सन्देश प्रकाशन सहकारी संस्था |
| ४१. | मीनवहादुर कार्की | वजार व्यवस्थापन प्रमुख, *पोखरा एफएम* |
| ४२. | रमेशप्रसाद अधिकारी | सहसम्पादक, *स्वदेशी आवाज दैनिक सन्ध्याकालीन* |
| ४३. | राजबहादुर गुरूङ्ग | अध्यक्ष, रिपोर्टर्स क्लव कास्की |
| ४४. | राजेशकुमार घिमिरे | सम्पादक, *नव पोखरा टाइम्स* |
| ४५. | रामकुमार कोइराला | क्षेत्रीय प्रमुख, रासस, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय |
| ४६. | रूद्रबहादुर थापा | अध्यक्ष, नेपाल अदिवासी/जनजाति पत्रकार सङ्घ, कास्की |
| ४७. | रूपनारायण ढकाल | सम्वाददाता, *जनमत/राजधानी* |
| ४८. | लक्ष्मीराज पौडेल | सम्पादक, *स्वदेशी आवाज दैनिक सन्ध्याकालीन* |
| ४९. | वालकृष्ण उग्रतारा | सम्पादक/प्रकाशक, *पोखरा एक्सप्रेस* |
| ५०. | विनोद धौलागिरी | रात्री डेस्क प्रमुख, *आदर्श समाज* |
| ५१. | विनोद लामिछाने | व्यवस्थापक, *गगन* |
| ५२. | विनोद त्रिपाठी | सञ्चालक, स्पेस एडभर्टाइजिङ्ग सर्भिस |
| ५३. | डा. विश्वकल्याण पराजुली | उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस |
| ५४. | विश्व शाक्य | फोटोपत्रकार/स्तम्भकार |
| ५५. | सरूभक्त | सहित्यकार |
| ५६. | सरोज कोइराला | उपप्राध्यापक, पृथ्वीनारायण क्याम्पस |
| ५७. | सरोजगोपाल वज्राचार्य | सञ्चालक, *माछापुच्छ्रे एफएम* |
| ५८. | सुवर्ण वज्राचार्य | निर्देशक, *पोखरा एफएम* |
| ५९. | सुशील पन्त | उपप्राध्यापक, पोखरा विश्वविद्यालय |
| ६०. | सुशील लामा | प्रवन्ध निर्देशक, *रेडियो अन्नपूर्ण* |
| ६१. | सुरेन्द्र थापा मगर | कार्यक्रम प्रस्तोता, *हिमचुली एफएम* |
| ६२. | सोम साई | अध्यक्ष, नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ, कास्की |
| ६३. | शङ्कर श्रेष्ठ | उपाध्यक्ष, फेवा प्रकाशन प्रा.लि. |
| ६४. | शालिग्राम पौडेल | नगर प्रमुख, लेखनाथ नगरपालिका |
| ६५. | शिरोमणि बराल | सदस्य, नेपाल पत्रकार महासङ्घ, कास्की |
| ६६. | शिव मल्ल | सञ्चालक, *रेडियो अन्नपूर्ण* |
| ६७. | श्रीनाथ बराल | उपसभापति, जिल्ला विकास समिति, कास्की |

## सन्दर्भ सामग्री

आचार्य 'देउराली', रामजी। २०५८। एफएम र पोखरा। *गगन,* १५ साउन, पृ. २।

आदर्श समाज। २०५८। पोखरामा हेपाटाइटिस भ्याक्सिनको करोडौंको व्यापारः सार्वसाधारणको स्वास्थ्यमाथि खेलवाड। ३० जेठ, पृ. १।

आदर्श समाज। २०५८। प्रशासनिक खर्च वढेपछि पोखरा दुग्ध वितरण आयोजना लाखौंको घाटामा। २० पुस, पृ. १।

कार्की, नारायण। २०५८। सामुदायिक रेडियो महत्त्व, दायित्व र चुनौती। *स्मारिका - २०५८*। शिरोमणि बराल र अरूहरू, सं., पृ. २१-२४। नेपाल पत्रकार महासङ्घ, कास्की।

खनाल, बद्रीविनोद। २०५६। पोखराको पत्रकारिता व्यावसायिकतातर्फ उन्मुख। स्मारिका *पोखरा डायरी - २०५६*। क्लब प्रवन्ध समिति, सं., पृ. ४४-४९। पोखराः सूर्यचन्द्र युवा क्लब।

जनमत। २०५८। भ्रष्टाचारको नमूना। १२ वैशाख पृ. १।

जनमत। २०५८। टेलिफोन ठाउँ सार्दा पनि भ्रष्टाचार। २२, वैशाख पृ. १।

ज्ञवाली, रामकृष्ण। २०५८। दर्जनौं सङ्घसंस्थाको नाकैमुनि फेवाताल प्लाष्टिक प्रदुषणको चपेटामा। *जनमत,* २२ पुस पृ. १।

न्यौपाने, भोजराज। २०५८। पोखरामा पनि बढ्दै छ एफएम क्रेज। *नेपालपोस्ट* ओभरसिज ३२: १६।

न्यौपाने, प्रेमनारायण। २०५८। पृथ्वीनारायण क्याम्पस दुर्व्यसनीहरूको संरक्षणस्थल बन्दैछ। *गगन,* २६ जेठ, पृ. ४।

पराजुली, केशवराज। २०५६। पोखरा र पत्रकारिता। *हेरालो१*। ध्रुव पोखरेल, सं., पृ. ४१-४२। पोखराः हेरालो प्रतिष्ठान।

पोखरा हटलाइन। २०५८। सरकारी गाडी हाकिमको निजी। ७ वैशाख, पृ. १।

पोखरा हटलाइन। २०५८। सार्वजनिक जमिन दर्ता गर्न भूमाफिया सक्रिय। १९ पुस, पृ. १।

प्रतीक, बद्रीविनोद। २०५८। *पोखरा हटलाइनः* विगतलाई फर्केर हेर्दा। *पोखरा हटलाइन,* ४ वैशाख, पृ. २।

बराल, शिरोमणि र अरूहरू, सं.। २०५८। *स्मारिका - २०५८*। पोखराः नेपाल पत्रकार महासङ्घ, कास्की।

भादगाउँले, अमृत। २०५८। माछापुच्छ्रेको फेदीमा एफएमको रमझम। साप्ताहिक, २९ असार पृ. १।

राना, पद्मकिरण। २०५८। पोखरामा सञ्चालित एफएम र यसको भविष्य। *आदर्श समाज,* २६ वैशाख, पृ. २।

लामिछाने, केशवशरण। २०५८। सार्वजनिक जग्गा दर्ता वदर गर्न सरकारी उदासिनता। *पोखरा हटलाइन,* २५ पुस, पृ. १।

Koirala, Saroj. 2001a. Local Press in Pokhara: Problems and Prospects. Unpublished ms. Submitted to University Grants Commission, Tribhuvan University.

Koirala, Saroj. 2001b. The Flaws in the language use of Pokhara press. Unpublished ms. Submitted to University Grants Commission, Tribhuvan University.